दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २०३ | बुटवल | २०८२ साउन ०३ गते, शनिबार | नेपाल संवत ११४५ | Saturday July. 19, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## शिक्षक महासंघको २० दिने अल्टिमेटम

बुटवल। शिक्षक महासंघले विद्यालय शिक्षा ऐन २० दिनभित्र जारी गर्न सरकारलाई अल्टिमेटम दिएको छ।

महासंघले शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गरेर २१ साउनभित्र ऐन जारी गर्न समय दिएको हो।

'संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विधेयकमाथि चलिरहेको छलफल छिटो सम्पन्न गरी विगतका सहमति समावेश भएको अग्रगामी विद्यालय शिक्षा विधेयक प्रतिनिधिसभामा पेस गरी कम्तीमा २१ साउन २०८२ अघि पारित गराउन सम्बन्धित पक्षको गम्भीर ध्यानाकर्षण गराउँछौं।'- पत्रकार सम्मेलनपछि जारी विज्ञप्तिमा छ।

ऐन जारी नगरी राज्यले धोका दिएर आन्दोलनतर्फ धकेल्न खोजेको महासंघले दाबी गरेको छ।

'अहिलेसम्मको समग्र अवस्था विश्लेषण गर्दा राज्यपक्ष फेरि नेपाली शिक्षक-कर्मचारीलाई धोका दिन र आन्दोलन तर्फ धकेल्न उद्दत रहेको प्रतीत हुन्छ। यो अवस्थाको यथाशीघ्र अन्त्य हुन जरुरी छ।'- विज्ञप्तिमा छ। २१ साउनभित्र विधेयक प्रतिनिधिसभाबाट पारित नभएमा सशक्त आन्दोलन गर्ने चेतावनी महासंघले दिएको छ।

'यो अवधिमा विद्यालय शिक्षा विधेयक प्रतिनिधिसभाबाट पारित भई अघि नबढेमा वा नेपाल शिक्षक महासंघसँग भएका सहमति विपरीत प्रबन्ध गरी अघि बढेमा महासंघ विगतमा भन्दा कडा र सशक्त आन्दोलन गर्ने कुरा उद्घोष गर्दछ। आन्दोलनका कार्यक्रम यथासमयमा सार्वजनिक गरिनेछ,' विज्ञप्तिमा छ।

विधेयक पारित नभएपछि आन्दोलन र त्यसबाट उत्पन्न हुने कठोर परिणामप्रति राज्यपक्ष नै जिम्मेवार हुने महासंघले जनाएको छ।

२०७५, २०७८, २०८० र २०८१ सालमा भएको सम्झौता अनुसार ऐन जारी हुनुपर्ने माग महासंघको छ। अन्तिम पटक गत २० चैतदेखि २९ दिन लामो शैक्षिक सडक आन्दोलन भएको थियो।

## सबै भ्रष्टाचारको छानबिन माग गर्दै अख्तियारलाई राप्रपाको ज्ञापन

बुटवल। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले विस २०४६ साल यताका सबै उच्च पदस्थ नेता तथा कर्मचारीको सम्पत्ति छानबिन माग गर्दै सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभागमा पनि ज्ञापन पत्र बुझाएको छ।

शुक्रबार दिउँसो राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वमा दलबलसहित सम्पत्ति शुद्धीकरण विभाग पुगेको टोलीले ०४६ यताका सबै उच्च पदस्थ नेता, कर्मचारी र उनीहरुका आफन्तहरुको समेत सम्पत्ति शुद्धीकरणका विषयमा छानबिन माग गरेको हो।

शुक्रबार नै राप्रपाले नयाँ पुराना सबै भ्रष्टाचार काण्डको छानबिन माग गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा ज्ञापनपत्र बुझाएको थियो। लिङ्देन नेतृत्वको टोलीले नेपालमा भ्रष्टाचार महामारीको रूपमा फैलिँदै गएको आयोगको वार्षिक प्रतिवेदन अनुसार मात्र पनि भ्रष्टाचारको उजुरी,मुद्दाको संख्या र दाबी रकम बढ्दै गएको अवस्थाले पुष्टि गरेको बताए।

उनले बुझाएको पत्रमा भनिएको छ, 'सरकारका मन्त्रीहरूको भ्रष्टाचारमा संलग्नताका तथ्यहरू एकपछि अर्को सार्वजनिक भइरहेका छन्। यस्तो अवस्थामा लाग्छ मन्त्रीहरू एक अर्कामा कसले छिटो र धेरै कमाउने प्रतिस्पर्धा चलाइरहेका छन्। अझ प्रमुख आयुक्त स्वयंको भ्रष्टाचारको रकमको डिल विदेशमा नै हुने गरेको भन्ने भनाइले पनि नेपालमा हुने भ्रष्टाचारको तह र व्यापकता प्रस्ट हुन्छ।

भ्रष्टाचारका विषयमा छानबिन र मुद्दा दर्ताका कामहरू प्रशस्त हुँदै गर्दा पनि ठुला भ्रष्टाचारका काण्डहरू जस्तै सुडान घोटाला, ललिता निवास, वाइडबडी, क्यान्टोन्मेण्ट, ओम्नी, एनसेल लगायतका ठूल्ठूला भ्रष्टाचार काण्डहरूमा राजनीतिक नेतृत्व छानबिनको दायरा बाहिर पर्नुले आयोगको निष्पक्षता तथा प्रभावकारितामा गम्भीर प्रश्नहरू उठेको ज्ञापन पत्रमा उल्लेख छ।

राजनीतिक नेतृत्वको संरक्षण र संलग्नता बिना यस प्रकारका ठुला भ्रष्टाचारहरू कर्मचारी संयन्त्रबाट मात्र हुनसक्छन भन्ने कुरामा विश्वास गर्न नसकिने उल्लेख छ। भ्रष्टाचारको मुख्य जरो र छाता राजनीतिक क्षेत्रलाई छानबिन र कारबाहीको दायरामा नल्याएसम्म सानातिना कारबाहीले मात्र सेवा प्रवाह, सुशासन र भ्रष्टाचारमा सुधार हुन सक्दैन भन्ने राष्ट्रिय प्रजातन्त्र पार्टीको ठहर छ।

## आलमलाई सफाइ दिने फैसलाविरुद्ध सर्वोच्चमा पुनरावेदन

बुटवल। नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री अफ्ताब आलमलाई सफाइ दिने उच्च अदालतको फैसलाविरुद्ध महान्यायाधिवक्ताको कार्यालय सर्वोच्च गएको छ।

उच्च सरकारी वकिलको कार्यालयले आलमलाई सफाइ दिने फैसलाविरुद्धको फाइल उठाएको थियो। महान्यायाधिवक्ता रमेश बडालले फैसलाविरुद्ध पुनरावेदन गर्ने निर्णय गरेका थिए।

उच्च अदालत जनकपुरको वीरगञ्ज इजलासले अफ्ताब आलमलाई सफाइ दिने फैसला गर्दा प्रमाणलाई अनदेखा गरेको महान्यायाधिवक्ताको कार्यालयले दाबी गरेको छ। उच्च अदालतको फैसला बदर गर्दै आलमसहित सबै प्रतिवादीलाई जन्म कैदको सजाय हुनुपर्ने माग गरिएको महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालले जानकारी दिए।

यसअघि जिल्ला अदालत रौतहटले जन्म कैदकै फैसला सुनाएको थियो। तर, उच्चले त्यसलाई बदर गर्दै सफाइ दिएको थियो। उच्च सरकारी वकिलको कार्यालयले पुनरावेदन गर्न फाइल पठाएपछि महान्यायाधिवक्ताको कार्यालयले निवेदन तयार गरेर शुक्रबार सर्वोच्चमा पेस गरेको हो।

वीरगञ्ज इजलासका न्यायाधीश खुसीप्रसाद थारु र अर्जुन महर्जनको इजलासले आलमलाई सफाइ दिएको थियो। उच्च अदालतले बम विस्फोटको घटना भएको, मान्छेलाई जिउँदै इँटाभट्टामा जलाएकोलगायतका कुनै पनि प्रमाण नरहेको भन्दै सफाइको फैसला गरेको थियो।

» बाँकी ३ पेजमा

# करोडौं बचत हिनामिना भएको डिंगरनगर सहकारीका अध्यक्ष र सचिवविरुद्ध पक्राउ पुर्जी









लुम्बिनी संवाददाता
*बुटवल*

कम्तीमा १५ करोड बचत अपचलन भएको रुपन्देहीको तिलोत्तमाको डिंगरनगर दूरगामी बहुउद्देश्यीय सहकारी संस्थाका सञ्चालकहरुविरुद्ध पक्राउ पुर्जी जारी भएको छ।

स्रोतका अनुसार संस्थाका अध्यक्ष घनश्याम तिवारी र सचिव रामबहादुर थापा लगायतविरुद्ध पक्राउ पुर्जी जारी भएको हो। प्रहरीले भने पक्राउ पुर्जीका विषयमा सार्वजनिक गर्न नमिल्ने भन्दै पन्छिएको छ।

करोडौं बचत अपचलनको तथ्य बाहिरिएपछि तीनसय बढी बचतकर्ताहरुले प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालय र इलाका प्रहरी कार्यालय बुटवलमा सञ्चालकहरुविरुद्ध निवेदन दिएका थिए।

उनीहरुले ठगी गर्नेहरुलाई मुलुकी अपराध संहिता, २०७४ परिच्छेद २१ को दफा २४९ बमोजिम कारबाहीको माग गरेका छन्।

सहकारीका अध्यक्ष घनश्याम तिवारी, सचिव रामबहादुर थापा क्षेत्रीलगायत अधिकांश पदाधिकारी र सञ्चालक समिति सदस्य नेपाली कांग्रेसका स्थानीय नेता कार्यकर्ता छन्।

अध्यक्ष तिवारी गत स्थानीय निर्वाचनमा कांग्रेसको तर्फबाट वडाध्यक्षको उम्मेदवारका आकांक्षी थिए। तर, अन्तिममा उनले टिकट पाएनन्।

सहकारीका सचिव थापा कांग्रेस तिलोत्तमा नगर समितिका पूर्वसचिव हुन्। सह-कोषाध्यक्ष केशरी पाण्डे कांग्रेस तिलोत्तमा-३ की सभापति हुन्। १३ सदस्यीय सञ्चालक समितिमा तीनजना बाहेक सबै नेपाली कांग्रेसका स्थानीय नेता कार्यकर्ता छन्।

सहकारीमा एउटै दल निकट र अध्यक्ष पक्षधरहरु हावी भएपछि बद्मासी भएको र ऐन, विधिको कुरा उठाउनेहरुलाई सञ्चालकमा आउन रोक्ने गरिएको सेयर सदस्यहरु नै बताउँछन्।

गृह मन्त्रालय नेपाली कांग्रेसको नेतृत्वमा रहेको र सहकारीका पदाधिकारी पनि कांग्रेस नेताहरु भएकाले पक्राउ नगरेको आरोप लगाउँदै वचतकर्ताहरुले पक्राउ गर्न दवाव दिन दुई हप्तादेखि दिनहुँ पदाधिकारीहरुको घर घेराउ गरिरहेका छन्।

बचतकर्ताको दबाबपछि प्रहरीले असार २७ गते सहकारीका व्यवस्थापक बसन्त पराजुलीलाई पक्राउ गरी अनुसन्धान जारी राखेको छ। जिल्ला अदालतले उनलाई शुक्रबार दोस्रोपटक म्याद थप गरी अनुसन्धान गरिरहेको छ। उनी एक सातादेखि इलाका प्रहरी कार्यालय बुटवलको हिरासतमा छन्।

व्यवस्थापक पराजुलीले आफूसहित श्रीमती, छोरी र छोराको नाममा लिएको ऋण नौ करोड ५५ लाख ३० हजार अठासी रुपैयाँ देखिएको र उक्त रकम सहकारीलाई तिर्ने कबुलियतनामा २०८२ साल जेठ ५ गते गरिएको थियो।

त्यसपछि उनलाई संस्थाले निलम्बन गरेको थियो। पराजुलीले तिलोत्तमाको शान्तिचोकमा खाजा खजाना होटेल तथा रेष्टुरेण्ट सञ्चालन गर्दै आएका थिए।

तमसुकमा ऋणी देखाइएका छोरी र छोरालाई नै साक्षी बसालेकोले सहकारीका अध्यक्ष र सचिवले यो कागज गराएर निलम्बित गरेका हुन् वा व्यवस्थापक पराजुलीले आफैँ गरेका हुन् भन्ने तथ्य अडिट रिपोर्टपछि मात्रै थाहा हुने प्रहरीको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय रुपन्देही स्रोतले सहकारी ठगीमा वचतकर्ताको निवेदन आएपछि सञ्चालकहरुका विषयमा अनुसन्धान भइरहेको र केही पदाधिकारी र सञ्चालकविरुद्ध पक्राउ पुर्जी जारी भएको पुष्टी गरेको छ। तर नाम र संख्याबारे अहिले बताउन नमिल्ने स्रोतले जानकारी दिएको छ। 'सहकारीको रकम ठगीका विषयमा सञ्चालक समितिका अध्यक्ष, सचिव लगायतविरुद्ध इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी आएपछि अनुसन्धान भैरहेको छ, अनुसन्धानका क्रममा रहेकाले धेरै कुरा सार्वजनिक गर्न मिल्दैन।' -स्रोतको भनाइ छ। रुपन्देही जिल्ला अदालतका सूचना अधिकारी पदम अर्यालले कानुनी हिसाबले पनि पक्राउ पुर्जीबारे जानकारी दिन नमिल्ने बताए।

प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयका प्रमुख सुरेशचन्द्र आचार्यले प्रहरीलाई आवश्यक अनुसन्धान गरी कारवाही अगाडि बढाउन पत्र पठाइसकेको बताए।

व्यवस्थापक पराजुली सम्पर्कविहीन भएकै अवस्थामा पराजुलीकी श्रीमती बिना पराजुलीले बुधबार जिल्ला अदालत रूपन्देहीमा सम्बन्ध विच्छेदको मुद्दा दर्ता गरेकी थिइन्।

आफ्नो नाममा रहेको जायजेथा समेत तानिने डरले उनीहरूले सम्बन्ध विच्छेदको लागि अदालतमा निवेदन दिएको भन्दै बचतकर्ताहरूले सचिवले जस्तै गर्नसक्ने भन्दै अध्यक्ष र सचिवको घर पनि घेराउ गर्दै आएका छन्।

२०५० सालमा स्थापित यो सहकारी संस्थामा हाल करिब दुई हजार सदस्य छन्।

कुल ३८ करोड रूपैयाँ पुँजी रहेको सहकारी संस्थाका अध्यक्ष र सचिव मोबाइल स्विच अफ गरेर सम्पर्कविहीन छन्। उपाध्यक्ष बलराम न्यौपाने र कोषाध्यक्षसुरेन्द्र बज्राचार्यले भने स्वतन्त्र लेखा परीक्षकले अध्ययन गरिरहेकाले सहकारीको अवस्था के हो भन्ने यकिन भएपछि मात्रै अघि बढ्ने बताउँदै आएका छन्।

सहकारीमा कुल कति रकम बचत थियो र कति सदस्य आबद्ध थिए भन्ने यकिन छैन। सञ्चालक समितिका केही पदाधिकारीका अनुसार कम्तीमा १५ करोडदेखि २५ करोड रुपैयाँसम्म हिनामिना भएको आशंका छ।

सहकारीका अध्यक्ष, सचिव, व्यवस्थापक सहित एकाध वाहेक सबै सञ्चालक सत्तारुढ दल नेपाली कांग्रेसका स्थानीय नेताहरु छन्। अध्यक्ष तिवारी १७ वर्षदेखि अध्यक्ष पदमा रहेका र एउटै दलका मान्छेको वर्चश्व रहेकाले मिलेमतोमा वचत अपचलन भएको वचतकर्ता चेतबहादुर बस्नेतको बुझाई छ।

प्रदेश सहकारी ऐन, २०७६ को दफा ३७ को उपदफा (१) मा, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन नपाउने व्यवस्था छ। यो ऐन बन्नु भन्दा अगाडि पनि नेतृत्वमा दुई कार्यकाल भन्दा बढी बस्नु संघीय कानुनविपरित छ। तर स्थानीय कांग्रेस नेता तिवारी राजनीतिक शक्तिको आडमा ऐनलाई कुल्चेर यो सहकारीमा १७ वर्षदेखि अध्यक्ष पदमा थिए।

» बाँकी ३ पेजमा

# नेकपा एसमा समाहित भयो वामदेवको पार्टी

एकीकृत हुन पाउँदा वामदेवले ज्यादै धेरै खुशी लागेको भन्दै त्यसलाई शब्दमा व्यक्त गर्न नसकेको बताएका थिए।



बुटवल। नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले एमालेले आफ्नो पार्टीलाई सिद्ध्याउने षड्यन्त्रमा रहेकाले एकताको कुनै सम्भावना नभएको प्रस्ट पारेका छन्। राष्ट्रिय एकता अभियानसँगको एकता घोषणा सभालाई सम्बोधन गर्दै एमालेसँग एकता हुन्छ भन्ने भ्रम नपाल्न आग्रह गरे।

उनले भने-'एमालेसँग एकताको कुनै सम्भावना छैन। अहिलेको विन्दुमा उभिएर भन्दाखेरि एमालेसँग एकताको कुनै सम्भावना छैन। त्यहाँभित्रको अवस्था हामीले देखिराखेका छौं। त्यसप्रति लसपस कसैको छ भने आशा, अपेक्षा ज्यादा छ भने मेरो भन्नु केही पनि छैन। यो पार्टीसँग उसको सम्बन्धको कुरा गर्नुहुन्छ भने उसका नेताहरूको अभिव्यक्तिले नै प्रस्ट पारिसकेको छ।'

उनले आफ्नो पार्टीलाई सिद्ध्याउने, समाप्त पार्ने ढङ्गले प्रहार भइरहेको बताए। उनले स्थायी कमिटी सदस्य रामकुमारी झाँक्रीलाई लक्षित गर्दै जिम्मेवारीमा बसेपछि त्यही अनुसारको आचरण हुनुपर्ने बताए।

उनले थपे-'पार्टीमा जिम्मेवारी लिएपछि पूरा गर्नुपर्छ। पद ओगट्ने जिम्मेवारी लिने, तर पद अनुकूलको आचरण नगर्ने काम कसैबाट नहोस्।'

नेकपा एकता राष्ट्रिय अभियानका अध्यक्ष वामदेव गौतमले आफू नेकपा एकीकृत समाजवादीमा समाहित हुंदा ज्यादै नै खुसी भएको प्रतिक्रिया दिएका छन्। समारोहलाई सम्बोधन गर्दै उनले चार वर्षको प्रयासपछि दुई पार्टी एक भएको बताए।

'आज म ज्यादै खुसी भएको छ। अलिअलि पनि होइन ज्यादै धेरै। मैले धेरै व्यक्त गर्न सक्दिनँ। नेकपा एकीकृत समाजवादीमा एकीकृत हुन चारवर्ष पहिलेदेखि सुरु गरैं। मेरो पार्टी कार्यालय र यहाँ धेरै टाढा होइन तर मलाई यहाँ आउन चार वर्ष लाग्यो। मैले भने जसरी एकता भएको छ'- उनले भने-'म धेरै हन्डर ठक्कर खाएर आएको हुँ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

पाहुर

२०८२ साउन ०३ गते, शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

सबैभन्दा खतरनाक हुन्छ
मुर्दा-शान्तिले भरिनु,
छट्पटी नहुनु,
सबथोक सहनु,
घरबाट काममा जानु र
कामबाट सधैं घर फर्कनु।
सबैभन्दा खतरनाक हुन्छ
हाम्रा सपनाहरूको मृत्यु हुनु।

– अवतार सिंह पाश
भारतीय कवि

# संघर्षका दुई आख्यानः एक तुलनात्मक विवेचना

**शंकर भण्डारी**

इतिहासको लेखन सधै शक्तिको मियो वरिपरि घुम्छ। लेखिएका इतिहास पछाडि प्रायः सत्ताको गन्ध हुन्छ, जसले बहिष्कृत, उपेक्षित र किनारीकृत आवाजहरूलाई दबाउने काम गर्छ। यही सन्दर्भमा समकालिन नेपाली साहित्यमा दुई फरक भौगोलिक, सांस्कृतिक र राजनीतिक सन्दर्भलाई आत्मसात गरेका उपन्यासहरू 'हिउँको गीत' र 'फातसुङ'ले आफ्नो स्थान बनाएका छन्। यी दुवै फरक कृतिले युगिन इतिहास र जनजातीय चेतनालाई आख्यानको भाषामा पुनर्सृजना गरेर पाठकसामु पस्केका छन्।

'हिउँको गीत' तीर्थगुरुङद्वारा लेखिएको कृति हो जसले गुरुङ समुदायको इतिहासलाई काल्पनिक तर ऐतिहासिक बिम्बद्वारा व्यक्त गरेको छ। गुरुङ समुदायका प्रतिनिधी पात्र हुन् तीर्थ, जसले आफ्नो जातीय इतिहासमा पुनः फर्केर जाने जोखिम उठाएका छन्। अर्कोतर्फ, 'फातसुङ' नेपाली भाषी भारतीय लेखक छुदेन काविमोको कृति हो। उनि पनि आदिवासी समुदायसँग सम्बन्धित छन् र दार्जिलिङको नेपाली भाषी जनजाती समुदायको प्रतिनिधित्व गर्छन।

यी दुई लेखकले आ-आफ्नो सांस्कृतिक जगबाट आवाज उठाएका छन्। तीर्थले झण्डै सात सय वर्ष अघिको आदिम गाउँको कथा सुनाउँछन भने काविमोले असीको दशकमा दार्जिलिङमा भएको गोर्खा ल्याण्ड आन्दोलनको पृष्ठभूमिमा आधारित कथा पस्केका छन्। यिनको कालखण्ड र ठाउँ फरक भएपनि दुवै आख्यान 'इतिहासलाई जनताको दृष्टिबाट' पढ्ने प्रयास हुन्। जसले किनारामा परेका समुदायहरूको संवेदना, संघर्ष र प्रतिरोधलाई उजागर गर्छ।

'हिउँको गीत'ले एक किसिमको मिथकीय आदिम समाज क्वोलाको चित्रण गर्छ। क्वोला गणराज्यजस्तो संरचनामा आधारित, एक साझा जीवनशैलीको संकेत हो, जहाँ जनजातीय एकता, प्राकृतिक सह-अस्तित्व र सामुहिकक निर्णय प्रक्रियाले समाज चल्थ्यो। तर यही समाज जब बाहिरी संसारसँग जुध्न थाल्छ, बन्दुक जस्तो 'नयाँ हतियार'आयात भएपछि त्यसको सामुहिकता ध्वस्त हुँदै जान्छ।

यसको ठीक विपरित, 'फातसुङ'ले ऐतिहासिक कालखण्डमा आधारित राजनीतिक आन्दोलनको कथा भन्छ। गोर्खाल्याण्ड आन्दोलन एउटा भूगोल, भाषा, पहिचान र अधिकारको आन्दोलन हो। काविमोले आन्दोलनमा सामेल पात्रहरूको संवेदना, सपनाको चिरा, गुटगत विघटन र धोखा उजागर गरेर संघर्षको यथार्थ चित्रण गरेका छन्।

यी दुवै उपन्यास आदिवासी, जनजाती तथा उपेक्षित समुदायका प्रतिनिधी आवाज हुन्। 'हिउँको गीत'मा गुरुङ जातिको कथा छ भने 'फातसुङ'मा भारतीय नेपाली जनजातिहरूको व्यथा छ। यसरी दुवैले यथास्थिति वादी राष्ट्र-राज्यको सीमा भित्र बोल्न नसकेका भुइँमान्छेहरूका आवाजलाई स्थान दिएका छन्। 'हिउँको गीत'मा समुदायको विघटन, अस्तित्वको संकट र अन्ततस्आत्मरक्षाको निम्ति हिंसा रोज्नुपर्ने बाध्यताको चित्रण हुन्छ।

पात्रहरू 'नयाँ हतियार'को मोहमा तानिदै जान्छन्, जसले आन्तरिक औपनिवेशीकरण र आत्मविनाश दुवैको बिम्ब सिर्जना गर्छ। 'फातसुङ'मा पनि यस्तै संकट छ; तर त्यो वैचारिक र राजनीतिक छ। त्यहाँ राज्यविरुद्ध आवाज उठाउनेहरूबिच मै फाटो र विश्वासघात छ। नेतृत्वको कमजोर दृष्टिकोणले कसरी सिंगो आन्दोलन नै तहसनहस हुन्छ देखाउन खोजिएको छ।

'हिउँको गीत' हिमाली समाजको कथा हो। हिमाली समाजमा बहने चिसो हावाले भावनाहरू सुस्क र स्थिर बनाएको छ। पात्रहरू लामो मौनता, सुस्त गतिमा अघि बढ्ने कथाको प्रवाह भित्र कैद भएजस्तो लाग्छ। यसले सिंगो कथाको बनोटलाई नै प्रभावित गरेको छ। पाठकलाई यो कथा प्रारम्भमा निकै पट्यार लाग्दो अनुभूत हुनसक्छ। वास्तवमा, यो उपन्यासको पहिलो ७०-७५ पेजमा कुनै ठोस् कुरा भनिदैन, गति एकदम दिक्क लाग्दो छ। तर त्यपछि कथाले गहिरो मोड लिन्छ।

'फातसुङ'पहाडको तातो उर्जाले भरिएको कथा हो। आन्दोलन, जुलुस, भिडन्त, संवाद र द्वन्द्वले कथालाई बलियो र गतिशील बनाएको छ। पात्रहरूमा आवेग छ। आञ्चलिक भाषाशैलीको प्रयोग गरिएको छ। लेप्चा भाषाका शब्दहरू प्रयोग भएका छन्। दार्जिलिङ्गे नेपाली भाषाको प्रयोगले स्थानीयता झल्केको छ। कथाको यथार्थ पक्ष अझ गहिरो भएको छ।

यद्यपि यी दुवै उपन्यास महत्त्वपूर्ण साहित्यिक प्रयास हुन्, यिनीहरू दोषमुक्त भने छैनन्। यो उपन्यास अत्यधिक लामो र मोटो भएको अनुभव हुन्छ। यस उपन्यासबाट १५०-२०० जति पृष्ठ हटाइदिएको भए पनि कथा उतिकै बलियो रहन्थ्यो। 'फातसुङ'मा कमजोरी छन् प्रारम्भको भूमिका अत्यधिक लामो छ। यसले समय बर्बाद गरेको छ। यो पढ्दापढ्दै पाठकलाई थकाई लाग्नसक्छ। यी दुवै उपन्यासमा सशक्त सम्पादनको खाँचो छ। भाषा यि दुवै कृतिको दमदार पक्ष हो।

दुवै आख्यान तृतीय पुरुषमा लेखिएका हुन। तर कतिपय ठाउँमा पात्र माथि लेखक हावी हुने समस्या स्पष्ट थाहा हुन्छ। पात्रहरू स्वयं बोल्नुपर्ने ठाउँमा पनि लेखक बोल्छन्, व्याख्या गर्छन। लेखकले पाठकलाई समेत 'गाइड' गर्ने धृष्टताले कथा र पात्रबीचको स्वायत्तता हनन् भएको छ। उदाहरणका लागि 'हिउँको गीत'मा लेखकले पात्रहरूको निजात्मक अनुभूति पनि आफै वर्णन गरिदिन्छन्। त्यस्तै 'फातसुङ' लेखकको नीजि विचार हस्तक्षेपकारी ठंगले प्रस्तुत भएको छ।

यी दुवै उपन्यास केवल इतिहासको पूनर्पाठ मात्र होइनन्, यी त मानवीय संवेदना र अस्तित्वको खोज हो। 'हिउँको गीत'मा पात्रहरूको जीवन र मृत्यु बीचको संघर्षमा प्रेम, आत्मीयता र भविष्यको आशा खोजी गर्छन। उनीहरू हिंस्रक पनि छन् तथापी हिंसाभित्र आफ्नोपन छ।

'फातसुङ' मा भने प्रेमभन्दा बढि धोखा, विभाजन र निराशा छ। आन्दोलन भनेको केवल राजनीतिक हुदैन्, भावानात्मक पनि हुन्छ। यो कुरा 'फातसुङ'ले मसिनो गरि बुझाएको छ।

'हिउँको गीत' र 'फातसुङ' दुवै उपन्यास समय, भूगोल, जातीयता र संघर्षका समकालीन पाठ हुन्। यिनले बहिष्कृत गरिएका आवाजहरूलाई प्रतिनिधित्व गरेका छन्। तर यी दुवैको 'अर्न्तदृष्टि' फरक छ। 'हिउँको गीत'अलि बढि आशावादी छ, यहाँ एउटा नयाँ समाजको सपना छ, जबकी 'फातसुङ' निराशा भित्र डुबेको छ। जहाँ आन्दोलन भित्रको धोखा र बेइमानीले सपनाहरू चक्नाचुर भएका छन्।

यी दुवै उपन्यास पढ्दा यस्तो लाग्छ, जब साहित्यले इतिहाससँग अंकमाल गर्छ, लेखिएका आख्यान कथा मात्र हुदैनन् बरु प्रतिरोध र स्मृतिको दस्तावेज बन्छन्। त्यस अर्थमा 'हिउँको गीत' र 'फातसुङ' केवल साहित्यिक कृतिमात्र होइनन्, यि त किनारीकृत आवाजहरूको ऐतिहासिक घोषणा पत्र हुन।

### दर्शन पढ्ने जुक्ति

# मर्टिमर जे एडलर र चार्ल्स भ्यान डोरेन

कुनै पनि दार्शनिक रचना पढ्दा सबैभन्दा महत्त्वपूर्ण हुन्छ, त्यसले जवाफ खोजेको प्रश्न पत्ता लगाउनु। यस्तो प्रश्न कहिलेकाहीँ स्पष्ट तरिकाले व्यक्त गरिएको हुन्छ भने कतिपय अवस्थामा अस्पष्ट रूपमा। जस्तोसुकै अवस्थामा पनि तपाईंले त्यो प्रश्न के हो भन्ने पत्ता लगाउने प्रयास चाहिँ लगाउनैपर्छ।

लेखकले यी प्रश्नहरूको जवाफ उसलाई नियन्त्रण गरेका सिद्धान्तहरूबाट प्रभावित हुन्छन्। यी सिद्धान्तहरू व्यक्त गरिएका पनि हुनसक्छन् तर सधैँभरी त्यस्तै हुन्छ भन्ने छैन। हामीले पहिले नै लेखकले नभनेका वा लुकाएका धारणाहरू खोज्नु कति गाह्रो र महत्त्वपूर्ण छ भन्ने उल्लेख गरिसकेका छौं। हरेक पुस्तकको मामिलामा यही नियम लागू हुन्छ। दर्शनको क्षेत्रमा त झनै बढी लागू हुन्छ।

महान् दार्शनिकहरूलाई आफ्ना मान्यताहरू लुकाएको वा परिभाषा र अवधारणाहरू अस्पष्ट बनाएको आरोप लगाउन सकिँदैन। महान दार्शनिकको विशेषता नै के हो भने उनीहरू अरु लेखकले भन्दा पनि बढी स्पष्ट तरिकाले विषयवस्तु प्रस्तुत गर्ने मेहनत गरिरहेका हुन्छन्। पक्कै पनि, हरेक दार्शनिकको चिन्तनपछाडि निश्चित सिद्धान्तहरूले भूमिका खेलिरहेका हुन्छन्। तपाईंले पढिरहेको पुस्तकमा यी सिद्धान्त व्यक्त गरिएका छन् भने ती के हुन् भन्ने थाहा पाउन सजिलो हुन्छ। तर लेखकले अन्य पुस्तकमा त्यसबारे व्याख्या गर्ने उद्धेश्यले अभिवयक्त नगरेको पनि हुनसक्छ। अथवा उसले कहिल्यै पनि ती सिद्धान्तको गहन परिशीलन नगरेको हुनसक्छ तर आफ्ना कामहरूमा त्यसको प्रभाव पर्न छुट दिएको हुनसक्छ।

दार्शनिकहरूलाई नियन्त्रण गर्ने त्यस्ता सिद्धान्तहरूको उदाहरण दिन कठीन छ। हामीले कुनै एउटाको उदाहरण दिन खोज्यौँ भने किन उसैलाई छान्यौँ भन्ने प्रश्न उठ्न सक्छ र हामीसँग त्यसको जवाफ दिनसक्ने गरी स्थान छैन। फेरि पनि हामी प्लेटको उदाहरण दिनसक्छौं। दार्शनिक विषयहरूबारेको वार्तालापमा उनले प्रस्तुत गरेको विचारबाट उनलाई निर्देशित गर्ने महत्त्वपूर्ण सिद्धान्तहरू मानव गतिविधी हुन् भन्न सकिन्छ। वार्तालापमा यो सिद्धान्त आफै व्यक्त गरिएको छ। 'अपोलोजी'मा सोक्रेटस आफैले परिक्षण नभएको जीवन बाँच्न लायक छैन भनेका छन् भने यसबारे प्लेटोले सातौं पत्रमा उल्लेख गरेका छन्। प्लेटोले यो विचार अन्यत्र पनि उल्लेख गरेका छन्।

त्यस्तै अर्को उदाहरण अरिस्टोटलका पुस्तकमा पाइन्छन्। सबैभन्दा पहिला त अरिस्टोटलका किताब पढ्दा सबैभन्दा महत्त्वपूर्ण पक्ष के ध्यान दिनुपर्छ भने उनका अन्य रचनामा व्यक्त गरिएका विचार पनि उत्तिकै सान्दर्भिक हुन्छन्। त्यसैले 'अर्गानन'मा व्याख्या गरिएको तर्कप्रणालीको सिद्धान्त भौतिकशास्त्रमा पनि लागू भएको छ। दोस्रो, ग्रन्थहरूमा प्रयोग गरिएका सिद्धान्तहरू सधैँ सन्तोषजनक रूपमा स्पष्ट ढंगले व्यक्त गरिएको हुँदैन। उनको पुस्तक 'एथिक्स' भने धेरै विषयमा केन्द्रित छः खुशी, स्वभाव, गुण, आनन्द र यस्तै-यस्तै। सूची लामो हुन्छ। तर यी सबैलाई नियन्त्रण गर्ने अन्तर्दृष्टि भने निकै होसियार पाठकले मात्र फेला पार्छ। त्यो अन्तर्दृष्टि हो, राम्रोमध्येको सम्पूर्ण चाहिँ खुशी हो। यो सबैभन्दा राम्रो भने होइन। त्यसो हुँदा यो अन्य राम्रोहरूमध्ये एक हो। यो बुझ्नासाथ हामी के पाउछौँ भने आत्मपूर्णता वा आत्मसुधारमा खुशी छैन जबकि अरु आंशिक राम्रोहरूमध्ये यी पनि पर्छन्। अरिस्टोटल भन्छन्, खुशी समग्र जीवनको गुण हो। उनले कुनै एउटा कोणबाट 'समग्र' भनेका होइनन् यसको अर्थ चाहिँ जीवन देखिने हरेक पक्ष हुन्। अहिले हामी भन्नसक्छौँ, खुशी मानिस त्यो हो जसले जीवनका समग्र पक्षलाई समेटीराख्छ, सम्हालिराख्छ। यो अन्तर्दृष्टि नियन्त्रणकारी छ किनभने यसले 'एथिक्स'का अरु सबै विचार र अन्तर्दृष्टिलाई प्रभाव पार्छ तर यो कुरा गर्नुपर्ने जति स्पष्ट रूपमा व्यक्त गरिएको छैन।

थप अर्को उदाहरण। जर्मन दार्शनिक इमानुएल कान्ट (सन् १७२४-१८०४) लाई प्रायः उनको आलोचनात्मक दर्शनका कारण चिन्ने गरिन्छ। उनी आफैले भने 'आलोचना'लाई 'जडसुत्रवाद'सँग तुलना गर्दै पूर्ववर्ती दार्शनिकहरूलाई त्यही संज्ञा दिएका छन्। शुद्ध चिन्तनबाटै ज्ञान प्राप्त हुनसक्छ भन्ने चिन्तनलाई उनले 'जडसुत्रवाद' भनेका थिए। उनीहरू मन (मस्तिष्क?) को सीमाबारे सचेत थिएनन्। कान्टका अनुसार, सबैभन्दा पहिला मनको स्रोत र शक्तिबारे आलोचनात्मक सर्वेक्षण र मूल्यांकन आवश्यक पर्छ। त्यसैले कान्टको दर्शनमा नियन्त्रणकारी सिद्धान्त भनेकै मनको सीमा हो। उनीअघिका कुनै पनि दार्शनिकले यसबारे ध्यान नै दिएका थिएनन्। उनको दर्शनमा भएको यो नियन्त्रणकार सिद्धान्त 'क्रिटिक अफ् प्योर रिजन' (शुद्ध कारणको आलोचना) मा स्पष्टसँग व्यक्त गरिएको छ। तर सौन्दर्याशास्त्रबारे कान्टको महत्त्वपूर्ण कार्य मानिने 'क्रिटिक अफ् जजमेन्ट' (धारणाको आलोचना) मा भने यो सिद्धान्त स्पष्टसँग व्यक्त गरिएको छैन। फेरि पनि त्यसमा यो सिद्धान्त विद्यमान छ।

दर्शनबारेका पुस्तकहरूमा निहित नियन्त्रणकारी सिद्धान्त पत्ता लगाउनेबारे हामीले भन्नसक्ने यति मात्रै हो किनभने तिनको खोज कसरी गर्ने भनेर तपाईंलाई बताउनसक्छौं भन्नेमा हामी आफैँ ढुक्क छैनौं। कतिपय अवस्थामा त्यो पत्ता लगाउन वर्षौं तथा थुप्रै पठन र पुनर्पठन आवश्यक पर्न सक्छ। फेरि पनि गहन अध्ययनको आदर्श उद्धेश्य यही नै हो। तपाईंले लेखकलाई बुझ्न चाहनुहुन्छ भने उसलाई नियन्त्रण गर्ने सिद्धान्त पत्ता लगाउनैपर्छ। नियन्त्रणकारी सिद्धान्तहरू पत्ता लगाउन गाह्रो हुँदाहुँदै पनि हामीले तपाईंलाई दार्शनिकहरूका जीवन र विचारबारेका पुस्तक पढ्ने छोटो बाटो सुझाउँदैनौँ। अरुले निकालेको निष्कर्षभन्दा तपाईं आफैँले पत्ता लगाउनु नै महत्त्वपूर्ण हुन्छ।

लेखकलाई नियन्त्रण गर्ने सिद्धान्त के हो भन्ने पत्ता लगाएपछि तपाईंलाई उसले आफ्नो पुस्तकमा ती सिद्धान्त अपनाउँछ कि अपनाउँदैन भन्ने जान्ने ईच्छा हुनेछ। दुर्भाग्यवश, उत्कृष्ट दार्शनिकहरूले पनि त्यस्तो गर्दैनन्। अमेरिकी दार्शनिक राल्फ वाल्डो इमरशनले त सन् १८४१ मा लेखिएको निबन्धमा भनेकै छन्, 'निरन्तरतासानो मस्तिष्कको रुची हो।' यो एकदमै बेपरवाह कथन हो तर निरन्तरताको अभाव दार्शनिकहरूमा पाइने गम्भीर समस्या हो। कुनै दार्शनिकको रचनामा निरन्तरताको अभाव छ भने तपाईंले उसले व्यक्त गरेको वा निष्कर्ष दिएको मध्ये कुन चाहिँ सिद्धान्त रोज्ने भन्ने निर्णय गर्नुपर्ने हुन्छ। अथवा तपाईंले दुवै जायज छैनन् पनि भन्न सक्नुहुन्छ।

दार्शनिक रचनाहरूको पठनको एउटा विशेष पक्ष हुन्छ जुन दर्शन र विज्ञानबीचको फरकसँग जोडिन्छ।

यहाँ हामीले दर्शनको क्षेत्रमा भएका सैद्धान्तिक कामहरूको मात्र चर्चा गरिरहेका छौँ जस्तै, अधिभूतवादी ग्रन्थहरू वा प्रकृतिको दर्शनबारेका पुस्तकहरू। दर्शनको कार्यभार कुनै पनि वस्तुको प्रकृतिबारे व्याख्या गर्ने हो, विज्ञानले जसरी स्पष्ट पार्ने होइन। दर्शनले कुनै घटना हुनुका कारण र त्यससँग जोडिएका परिस्थितिहरू खोज्छ।दर्शनको कार्यभार त्यतिबेला मात्र पूरा हुन्छ जब उसले आफूले दिने जवाफलाई स्पष्ट तर्क र विश्लेषणले स्थापित गर्छ।

त्यसैले पाठकले सबैभन्दा धेरै मेहनत दार्शनिकले प्रयोग गरेका शब्दावली र शुरुवाती अवधारणाहरूका सम्बन्धमा गर्नुपर्छ। वैज्ञानिकले जस्तै दार्शनिकले पनि प्राविधिक शब्दावली प्रयोग गरे पनि उसले प्रयोग गर्ने शब्दहरू सामान्य बोलीचालीबाट टिपिएका हुन्छन् तर विशेष अर्थमा उपयोग हुन्छन्। जसले गर्दा पाठकले विशेष ध्यान दिनुपर्छ। प्रचलनमा रहेका शब्दहरूको प्रचलित अर्थबाट पाठक मुक्त हुन सकेन भने उसले किताबको मर्म नबुझ्ने सम्भावना हुन्छ।

पक्कै पनि दार्शनिक बहसका सामान्य शब्दावलीहरू अमुर्त हुन्छन्। विज्ञानका पनि त्यस्तै हुन्छन्। अमुर्त शब्द प्रयोग नगरी कुनै पनि सामान्य ज्ञान अभिव्यक्त हुँदैन। खासमा अमुर्ततामा कुनै अप्ठ्यारा छैन। दैनिक जीवनका कुराकानीमा हामीले अमुर्त शब्दहरू प्रयोग गरिरहेका हुन्छौँ। तथापि, धेरै मानिसका लागि 'अमुर्त' र 'ठोस' जस्ता शब्दले समस्या सिर्जना गरिरहेका हुन्छन्।

तपाईंले कुनै पनि विषयमा सामान्य रूपमा कुरा गर्नुहुन्छ भने अमुर्त शब्दहरू प्रयोग गरिरहनुभएको हुन्छ। कुनै पपिन विषयलाई तपाईंले बुझ्ने तरिका भने ठोस र निश्चित हुन्छ। तपाईंले मनमनै सोच्ने विषय भने जहिल्यै अमुर्त र सामान्य हुन्छ। त्यसैले कुनै पनि 'अमुर्त शब्द' बुझ्नु भनेको त्यसले व्यक्त गरेको विचार बुझ्ने हो। 'विचार बुझ्नु' भनेको आफूले ठोस रूपमा गरेको अनुभवको सामान्य पक्षबारे अर्को तरिकाले भन्नु हो। त्यो सामान्य पक्ष तपाईंले देख्न, छुन वा कल्पना गर्न पनि सक्नुहुन्न।

तपाईंले त्यसो गर्न सक्नुहुन्थ्यो भने त मन र इन्द्रियहरूबीच कुनै भिन्नता नै हुँदैनथ्यो। विचारलाई कल्पनामा उतार्न खोज्नेहरूले आफैलाई भ्रमित बनाइरहेका हुन्छन् र उनीहरू सारा अमुर्तताबारे निराशामात्र हात पार्छन्।

विज्ञानका पुस्तकहरू पढ्दा पाठक निगमनात्मक अवधारणामा केन्द्रित भएजस्तै दर्शनका पुस्तक पढ्दा दार्शनिकको सिद्धान्तलाई ध्यान दिनुपर्छ। ती सिद्धान्तहरू उसले तपाईंलाई 'कल्पना गर्न'भनेको वस्तु वा स्वंयसिद्ध भनेको वस्तु हुनसक्छ। कुनै वस्तुको कल्पना गर्न खासै गाह्रो छैन। त्यसबारे तपाईंका विपरीत पूर्वधारणाहरू भए पनि दार्शनिकले जे-जे भन्दै जान्छ त्यस्तै हुन दिनुहोस्। आफूले विश्वास नगर्ने कुरालाई विश्वास गर्ने यो तरिका मस्तिष्कको राम्रो कसरत हो। तपाईं आफ्ना पूर्वधारणाहरूबारे जति स्पष्ट हुनुहुन्छ त्यति नै तपाईं अरुका पूर्वधारणालाई गलत मूल्यांकन गर्नुहुनेछैन।

दार्शनिक पुस्तकमा पाइने अरु प्रकारका सिद्धान्तले भने समस्या सिर्जना गर्न सक्छन्।

कतिपय दार्शनिक पुस्तक लेखकले स्वंयसिद्ध भनेका अवधारणाहरू स्थापित गर्न असफल हुन्छन्। ती अवधारणाहरू अरु अवधारणाहरूबाट पुष्टि हुनुको साटो अनुभवबाट सोझै निसृत गरिएका हुन्छन्।

यहाँ भनिएको अनुभव वैज्ञानिकहरूले गर्ने विशेष अनुभव भने होइन। यो त आम मानिसहरूले दैनिक जीवनका गर्ने साझा अनुभव हो। दार्शनिकले प्रयोगशालामा परीक्षण पनि गर्दैन न त कुनै स्थानमा गएर अनुसन्धान नै गर्छ। त्यसैले दार्शनिकले अघि सारेको सिद्धान्तहरू बुझ्न र परिक्षण गर्न तपाईंलाई पद्दतिगत अनुसन्धानबाट प्राप्त विशेष अनुभवको आवश्यकता पर्दैन। दार्शनिकले तपाईंकै सामान्य विवेक र आफू बाँचिरहेको संसारको दैनिक अवलोकन नै प्रस्तुत गरिरहेको हुन्छ।

अर्को तरिकाले भन्दा, तपाईंले दार्शनिक पुस्तक त्यही विधिबाट पढ्नुपर्छ जुन विधिबाट त्यो लेखिएको हुन्छ। आफू घोत्लिरहेको समस्याबारे दार्शनिक घोत्लिनभन्दा अरु केही गर्न सक्दैन। दार्शनिक पुस्तक समातेको पाठकले त्यो पढ्ने अर्थात् त्यसबारे चिन्तन गर्नेभन्दा अरु केही गर्न सक्दैन। मस्तिष्कको उपयोग गर्नेबाहेक अरु कुनै थप सामग्रीको आवश्यकता नै पर्दैन।

पाठक र पुस्तकको यो एकांकीपन हामीले आलोचनात्मक पठनका नियमहरूको छलफल गर्दा शुरुमा गरेको कल्पनासँग ठ्याक्कै मिल्छ। त्यसैले किन हामीले अध्ययनका नियमहरू दार्शनिक पुस्तकमा सबैभन्दा बढी लागू हुन्छन् भनेर किन भनेका थियौँ भन्ने तपाईंले अहिले बुझ्न सक्नुहुन्छ।

आफ्नै विचार बनाउनेबारे

राम्रो वैज्ञानिक ग्रन्थजस्तै दर्शनको क्षेत्रमा भएको राम्रो सैद्धान्तिक काम पनि भाषणवाजी र प्रचारबाट मुक्त हुन्छ। तपाईंले लेखकको 'व्यक्तित्व'बारे ध्यान दिनुपर्दैन न त उसको सामाजिक र आर्थिक पृष्ठभूमी नै खोजतलास गर्नुपर्छ। यद्यपि तपाईंले पढिरहेको लेखकले समातेको विषयबारे अरु महान् दार्शनिकले गरेको कामबारे पढ्नु उपयोगी हुन्छ।

## कविता

# म नदी हुँ

**कलाधर अर्याल**

म नदी हुँ
मलाई बग्न देऊ
नरोक मलाई
बग्नु मेरो धर्म हो
सङ्घर्ष मेरो कर्म हो
अवरोध नगर मलाई
मसँग थुप्रै चट्टानसँग जुध्ने
सामर्थ्य अनि जुझारुपन छ
म कुनै खहरे होइन
क्षणभरको अहम् ले
चकनाचुर भएर विलय हुने
मसँग शालिग्राम छ
हजारौं वर्षको त्यागको उपलब्धि
मेरो गन्तव्य दूर छ
मलाई अविचलित भएर
दृढ सङ्कल्प लिएर
आफ्नो भीष्म प्रतिज्ञालाई
अवश्य पनि पूरा गर्नु छ
किनकि
म नदी हुँ
बर्खामा भेल मात्र बनेर होइन
हिउँदमा
शुभ्र, स्निग्ध अनि कञ्चन
हिमाच्छादित चन्द्रांशुको
सामीप्य पाएर
पग्लिएको म
सुधासमान पवित्र जल
सिञ्चित गर्दै प्राण भर्दै
शान्त अविरल लहरको बगाइलाई
अकिञ्चन नठान
मलाई प्रकृतिमै रम्न देऊ
यदि तिमी अटेरी भयौ भने
मेरो मार्गलाई व्यवधान पुऱ्याएर
मेरा किनाराका रुखवृक्षहरूलाई
काट्न थाल्यौ, मास्न थाल्यौ भने
म ताण्डव रूप लिएर
हातमा हतियार भिरेर
बाढी बनेर
तिमीहरूको घरघरमा,
गाउँगाउँमा अनि बस्ती बस्तीमा
उग्र रूप लिएर आउने छु।
चारैतर्फ विध्वंस मच्चाउने छु
खेत खेतमा, बारी बारीमा
जलमग्न बनाउने छु
किनकि म नदी हुँ।
अपितु
मेरो अग्रगमनलाई
अवरोध पुऱ्याउने
जोसुकैलाई
मेरो अग्निगर्भले
भस्म बनाउने छ
सर्वनाश गराउने छ
त्यसैले
सावधान!
म नदी हुँ।
(बुटवल)

# म किन नास्तिक भएँ– २

**भगतसिंह**

(भगतसिंह (सन् १९०७-१९३१) एक सचेत जागरुक क्रान्तिकारी तथा प्रभावशाली प्रखर युवा बुद्धिजीवी-विश्वजनताका अति सम्मान्य र प्रिय शहिद भारतीय राष्ट्रिय मुक्तियुद्धका बलिदानी योद्धा । उपनिवेशवादी अंग्रेज शासकद्वारा २३ वर्षको कलिलो उमेरमा नै सन् १९३१ मार्च २३ मा फाँसीमा चढाइएका अमर युवा भगतसिंहले यो आलेख सन् १९३० अक्टुवर ५-६ मा जेलभित्रै लेखेका थिए ।

सन् १९३० अक्टुबर ७ का दिन अदालतले भगतसिंहलाई फाँसी दिने फैसला सुनायो तर फैसला नहुँदै भगतसिंह र उनका साथीहरू भने मृत्युदण्डको फैसला हुनेछ भन्ने कुरामा ढुक्क थिए । यस्ता अवस्थामा आफ्ना सहयोद्धाहरूले भगतसिंहलाई 'कम से कम मर्ने बेलामा त ईश्वरको सम्झना गर' भनेर सम्झाउँदा त्यसको जवाफ स्वरुप भगतसिंहले यो गहन आलेख तयार पारेका हुन् । यो आलेखको नेपालीमा अनुवाद ऋषिराम भुसालले गर्नुभएको हो । यो लेख २०६३ मा रामचन्द्र भट्टराईद्वारा प्रकाशित 'सुस्केरा' द्वैमासिकबाट साभार गरिएको हो ।)

मेरो विचारमा कुनै पनि मान्छे जसको थोरै भएपनि आफ्नै विवेकशक्ति छ भने उसले आफ्नो वातावरणलाई तर्कसंगतरूपले बुझ्न चाहन्छ । जहाँ प्रत्यक्ष प्रमाण उपलब्ध छैन त्यहाँ दर्शनशास्त्रले महत्वपूर्ण भूमिका खेल्दछ, जस्तो कि मेरा केही क्रान्तिकारी साथीहरूले भन्ने गर्थे, दर्शनशास्त्र मनुष्यका दुर्बलताको परिणाम हो । जब हाम्रा पूर्वजहरूले फुर्सदका समयमा संसारको रहस्य, यसको भूत, वर्तमान र भविष्य, यसको किन र कहाँबाट जस्ता सवालहरू जान्ने प्रयास गरे तब प्रत्यक्ष प्रमाणको कठिन अभावले गर्दा हरेक व्यक्तिले यी प्रश्नहरूको समाधान आफ्नै आफ्नै ढंगले गरे । यसैकारणले त विभिन्न धार्मिक मतहरूका मूल तत्वमा नै अत्यधिक मदभेद देखापरेको छ, कहिलेकाहीं त यसबाट वैमनस्य र झगडा पनि हुने गर्छ । पूर्व र पश्चिमका दर्शनमा मात्रै मतभेद भएको होइन, पूर्व-पूर्व वा पश्चिम-पश्चिमकै आफ्ना विभिन्न मतहरूमै आपसमा विभेद छ । पूर्वका धर्महरूमा इस्लाम र हिन्दू धर्ममा कत्ति पनि मिलाप छैन । भारतमा बुद्ध र जैन धर्म हिन्दू ब्राम्हणदेखि अलग छन् र ब्राम्हणवादभित्रै पनि आर्यसमाजी तथा सनातनी जस्ता परस्पर विरोधी मत रहेका छन् । पुरानो समयका एक अन्य स्वतन्त्र विचारक चार्वक हुन् जसले त्यही समयमा ईश्वर-विश्वासलाई चुनौती दिएका थिए । यी सबै मतहरू एक अर्कामा आधारभूत सवालमै फरक-फरक छन् तर प्रत्येक व्यक्तिले एकमात्र आफूलाई सही ठान्दछ । यही त दुर्भाग्यको कुरा छ । पुराना विद्वान् तथा विचारकहरूका विचार र अनुभवहरूलाई भविष्यमा अज्ञानताका विरूद्ध लड्ने आधारशिला बनाउनु पर्ने हो र जीवनमा आइपर्ने रहस्यमय प्रश्नको समाधान गर्ने कोसिस । गर्नुपर्ने हो तर हामी आलस्यको चक्करमा फस्यौं । जीवनका वास्तविकतादेखि अलग्गिएर हामीले तिनीहरूलाई आँखा चिम्लेर विश्वास गयौं जसले आफूलाई स्वयंसिद्ध र सर्वज्ञ भएको दावी गर्दथे । तिनको वचनलाई हामी अविचल र संशयरहित भएर विश्वास गरी हल्ला मच्चायौं र यसरी मानवताको विकास यात्रालाई जड र गतिशून्य बनाउने गल्ती गर्‍यौं ।

प्रत्येक मनुष्य जो प्रगतिका लागि उभिएको छ, उसले रूढिगत विश्वासका एक एक पक्षको आलोचना गर्नुपर्छ, तिनलाई अविश्वास गर्नुपर्छ र चुनौती दिनुपर्छ । प्रचलित विचारधारालाई एकएक पक्षलाई विभिन्न कोणबाट तर्कको कसी लगाएर जाँच्नुपर्छ । अनेकौं तर्क र परीक्षणबाट उत्तीर्ण भएर कोही मान्छे कुनै सिद्धान्त वा दर्शनतर्फ प्रेरित हुन्छ भने त्यसको विश्वासलाई स्वागत छ । उसका तर्कहरू असत्य, भ्रमपूर्ण, झुक्याउने खालका र गलत पनि हुन सक्छन् तर तिनलाई सुधार्न सकिन्छ किनभने तर्क र निरीक्षणबाट, विचार गर्ने मनुष्यका लागि विवेकशक्तिले दिशासूचक काम गर्दछ । परन्तु एकोहोरो विश्वास तथा अन्धविश्वास चाहिं खतरनाक हुन्छ, यसले मस्तिष्कलाई मूढ बनाइदिन्छ र मनुष्यलाई प्रतिक्रियावादी बनाइदिन्छ । जुन मानिसले आफू यथार्थवादी भएको दाबी गर्छ उसले समस्त प्राचीन विश्वासहरूलाई चुनौती दिनुपर्छ । यदि तर्कको प्रहार सहन सक्दैनन् भने टुक्रा टुक्रा भएर ती विश्वासहरू गिर्छन् । यसपछि यी असंगत विचारहरू पूरै मिल्काएर नयाँ दर्शनको स्थापनाका लागि स्थान बनाउनु पर्छ । यो त विरोधी वा नकारात्मक पक्ष भयो । यसपछि सकारात्मक (विधेयात्मकर रचनात्मक) काम सुरू हुन्छ जसमा निर्माण वा पुनर्निर्माणका लागि पुराना विश्वासका केही कुराहरू प्रयोगमा ल्याउन सकिन्छ । मेरो आफ्नो सवालमा म के मान्दछ भने यस विषयमा मैले अहिलेसम्म कुनै विशेष अध्ययन गर्न पाएको छैन । पूर्वीय दर्शन पढ्ने मेरो ठूलो रहर थियो तर यसका लागि मलाई कुनै अवसर वा संयोग प्राप्त भएन । परन्तु जहाँसम्म यस विवाद को नकारात्मक (आलोचनात्मक) पक्षको कुरा छ, म प्राचीन विश्वासहरूका आधारहरूमा प्रश्नचिन्ह उभ्याउनुपर्छ भन्ने कुरामा दृढ छु । कुन कुरामा पूरा विश्वास छ भने यो प्रकृतिको गतिलाई निर्देशन गर्ने र संचालन गर्ने कुनै एक सचेतन परमात्माको अस्तित्व छैन । म प्रकृतिमा विश्वास गर्छ । मनुष्यद्वारा आफ्नो सेवाका लागि प्रकृतिमाथि विजय प्राप्त गर्नु नै समस्त प्रगतिशील आन्दोलनको ध्येय हो, यसलाई दिशाबोध गराउने कुनै चेतनशक्ति छैन । यो नै मेरो दर्शन हो ।

माथि चर्चा गरिएको चिन्तनको नकारात्मक पक्षका सम्बन्धमा म आस्तिकहरूसँग केही प्रश्न गर्न चाहन्छु ।

तपाईंहरू के विश्वास गर्नुहुन्छ भने एउटा सर्वशक्तिमान, सर्वव्यापक एवं सर्वज्ञानी ईश्वर छ, उसैले यो पृथ्वी र विश्वको रचना गयो । त्यसो भए कृपया मलाई बताइदिनोस् कि उसले यो रचना किन गयो ? कष्ट र सन्तापहरूले भरिएको दुनियाँ, असंख्य दुःखका शाश्वत अनन्त गठबन्धनहरूले ग्रसित ! एउटा व्यक्ति पनि पूरा सन्तुष्ट छैन । कृपया नभन्नोस् कि यहीं उसको नियम हो । यदि ऊ कुनै नियमले बाँधिएको छ भने ऊ सर्वशक्तिमान होइन, हामीजस्तै नियमहरूको कमारो हो । कृपया, यो पनि नभन्नोस् कि यो उसको मनोरञ्जन हो । नीरोले त केवल एउटा रोम शहर जलाएको थियो, केही थोरै संख्यामा मान्छेहरू मारेको थियो, आफ्नो पूर्ण मनोरञ्जनका लागि केही थोरै दुःखकष्ट दिएको थियो । तर हेर्नोस्, इतिहासमा उसको कुन स्थान छ । इतिहासकारहरूले उसलाई कस्तो संज्ञा दिएका छन् । सम्पूर्ण विषालु निन्दावाचक विशेषणहरू उसका नामसँग जोडिएका छन् । पुस्तकका पानाहरूमा उसका निन्दाका वाक्यले कालो पोतिएका छन् । उसको भर्त्सना गरिएको छ– नीरो, एक हृदयहीन, निर्दयी, दुष्ट ....... इत्यादि । चङ्गेल खाँ ले आफ्नो आनन्दका लागि केही हजार मानिसको ज्यान मार्‍यो, आज हामी उसको नामसितै घृणा गरौं । तब तपाई आफ्नो ईश्वरलाई कसरी न्यायोचित ठहत्याउनु हुन्छ, त्यस शाश्वत नीरोलाई जसले हरेक दिन, घण्टा वा प्रत्येक मिनेट असंख्य दुःख दिइरह्यो र अझै पनि दिइरहेको छ । फेरि तपाईंले कसरी । उस का दुष्कर्म को पक्ष लिने कुरा सोच्नुहुन्छ जसका कर्महरू चङ्गेज खाँभन्दा प्रत्येक क्षण ज्यादा अपराधपूर्ण छन् ? यस्ता कुरालाई कसरी उचित भन्न सकिन्छ ? के तपाईं यस्तो भन्नुहुन्छ कि यो सबै जे भइरहेको छ यी निर्दोष र सहनशीलहरूलाई पुरस्कार दिन र गल्ती गर्नेलाई दण्ड दिनका लागि गरिएको हो ?ठीक छ, तपाई त्यस व्यक्तिलाई कहिलेसम्म उचित ठहयाउनुहुन्छ जसले हाम्रो शरीरमा चोट हान्ने साहस यसकारण गर्छ कि पछाडि हाम्रो घाउमा अत्यन्त नरम आरामदायक मलम लगाइनेछ । ग्लेडिएटर संस्थाका व्यवस्थापक तथा सहायकहरूले एवं भोको नरभक्षी सिंहका सामुन्ने एउटा मनुष्यलाई पठाइदिन्थे, यसर्थ कि यदि मन्यो भने मय

तर सिंहसँग लडेर ज्यान बचाउन सक्यो भने त्यसको खुब राम्रो हेरचाह गरिनेछ । के यिनीहरूको काम ठीक थियो ? यसैले म सोध्छु"त्यस चेतन परमात्माले यो विश्व तथा यसमा मनुष्यहरूको उत्पत्ति किन गयो ? आनन्द लुट्नका लागि ? त्यसो हो भने ईश्वर र नीरोमा के फरक पच्यो ?" मुसलमान तथा इसाईहरू हो ! हिन्दू दर्शनले एउटा अर्को तर्क दिने जमर्को गर्नेछ । म सोध्न चाहन्छु– माथिको प्रश्नमा तिम्रो उत्तर के हो ? तिमीहरू पूर्वजन्ममा विश्वास गर्दैनौ र हिन्दूहरूले झै त्यस्तो तर्क पनि गर्दैनौ कि हाम्रा सामु निर्दोष व्यक्तिहरूले जुन कष्ट भोग्दैछन् त्यो तिनको पूर्वजन्मको कुकर्मको फल हो। म तिमीहरूसँग के सोध्छु भने त्यस सर्वशक्तिशाली ईश्वरले शब्दद्वारा विश्वसृष्टि गर्न छ दिनसम्म किन परिश्रम गरयो र प्रत्येक दिन किन 'सबै राम्रो छ' भन्यो ? बोलाऊ आज उसलाई र देखाऊ पछिल्लो इतिहास । उसलाई आजको परिस्थितिको अध्ययन गर्न देऊ । हामीले हेरौंला कि त्यसबेला पनि उसले 'सबै राम्रो छ' भन्ने साहस कसरी गर्छ ।

त्यस परमात्मालाई देखाइदेऊ– झ्यालखानाका कालकोठरीहरूदेखि झुपडी र बस्तीबस्तीमा भोकले तड्पिरहेका लाखौंलाख मानवको समुदाय, ती शोषित मजदुरहरू जसले पुँजीवादी पिशाचद्वारा आफ्नै खुन चुसिएको घटनालाई धैर्यपूर्वक वा भनौं उत्साहहीन भएर हेरिरहेछन्, मानव-शक्तिको त्यो वर्वादी जसलाई देखेर कुनै पनि व्यक्ति जसमा अलिकति पनि सहजज्ञान छ, झस्केर उठ्दछ । त्यसलाई देखाइदेऊ ती पूँजीपतिहरू जसले बढी भएको उत्पादन अभावग्रस्त जनतामा बाँड्नुभन्दा समुद्रमा मिल्काउनु नै उत्तम ठान्दछन् । राजाहरूका ती महलहरू जसका जग मानवका अस्थिपञ्जरहरूमा उभिएका छन् । यी सबै कुरा देखिसकेपछि फेरि भनोस् त सबै राम्रो छ भनेर । किन र कसरी ? यही मेरो प्रश्न छ । 'तिमी चुप लाग्यौ ?ठीक छ, म अर्को सवालतिर लाग्छु ।' अनि तिमी हिन्दूहरू के भन्छै भने जो आज कष्टपीडा भोगिरहेछन् यी सबै पूर्वजन्मका पापी हुन्, अनि आजका उत्पीडकहरू पछिल्लो जन्मका।

साधु सन्त (पुण्यात्मा) व्यक्ति हुन्, त्यसैले सत्ता र सम्पत्तीको । आनन्द लुटिरहेछन् । मैले के मान्दछ भने तिम्रो पूर्वजहरू बहुत बाठा थिए । उनीहरूले सिद्धान्तका त्यस्ता जाल बुनेका छन् जसमा मानिसका तर्क र अविश्वासका सारा प्रयासलाई विफल पार्ने तागत छ । परन्तु हामीले विश्लेषण गर्नु छ, यस्ता कुरा कतिसम्म टिक्न सक्ने हुन् । न्यायशास्त्र का सर्वाधिक प्रसिद्ध विद्वानहरूका अनुसार दण्ड सजायलाईअपराधीमा पर्ने असरका आधारमा तीन-चार कारणले उचित ठहराउन सकिन्छ । ती कारणहरू हुन्– प्रतिकार, भय र सुधार । आज सबैजसो प्रगतिशील विचारकहरूले प्रतिकारको सिद्धान्तलाई निन्दा गर्दछन् । भयभीत पार्ने सिद्धान्त पनि त्यस्तै प्रकारको हो । सुधार गर्ने सिद्धान्त नै आजको आवश्यकता हो र मानवताको प्रगतिका लागि यो अनिवार्य छ । यसको उद्देश्य हो अपराधीलाई एक शान्तिप्रिय नागरिकका रूपमा समाजमा नै फर्काइदिनु । परन्तु यदि हामीले मानिसलाई अपराधी नै मान्यौं भने पनि ईश्वरले उनीहरूलाई दिएको दण्डकों प्रकृति कस्तो छ ? तिमी के भन्छौ भने ईश्वरले तिनीहरूलाई गाई, बिरालो, रूख, जडिबुटी या जनावर बनाएर जन्माउँछ । यस्ता ८४ लाख दण्डको हिसाब तिमी सुनाउँछौ । म के प्रश्न गर्छ भने मनुष्यमा सुधारकका रूपमा यी दण्डहरूको कस्तो असर परेको छ । तिमीले कतिजना मान्छे भेट्यौ जसले भन्न सकुन कि म फलानो पाप गर्नाले पूर्व जन्ममा गधाको जुनी पाएको थिएँ ? के एकजना पनि यस्तो भेटिन्न ? आफ्ना पुराणहरूबाट उदाहरण नदेऊ, मसँग तिम्रा पौराणिक कथाहरूका लागि कत्ति पनि ठाउँ छैन । तब तिमीलाई के थाहा कि दुनियाँको सबभन्दा पापी गरिब हो भनेर ? गरिबी एक अभिशाप हो, एक दण्ड हो । मेरो प्रश्न के भने अपराधशास्त्र, न्यायशास्त्र वा विधिशास्त्रका कुनै त्यस्ता विद्वानलाई तिमी कतिसम्म प्रशंसा गर्छौं जसले यस्तो दण्डविधानको व्यवस्था गर्छ जसबाट मनुष्य बाध्य भएर अरु बढी अपराध कार्यमा लाग्छ ? के तिम्रो ईश्वरले यो कुरा सोचेको थिएन अथवा उसलाई पनि यी सारा कुराहरू मानवले बेहोर्नु परे का अकथनीय कष्टहरू देखेर अनुभवद्वारा सिक्नु थियो ? तिम्रो सोचाइ के छ कुनै गरिब तथा अनपढ परिवार र यस्तै चमार या भङ्गी (मेहत्तर) का घरमा जन्मिनु पयो भने मानवको भाग्य के हुन्छ ? ऊ गरीब छ, त्यसैले पढ्न सक्दैन । ऊ तिरस्कृत र परित्यक्त (त्यागिएको) रहन्छ ती साथीहरूबाट जो माथिल्लो जातमा जन्मेका कारणले आफूलाई उच्च ठान्दछन् । उसको अज्ञान, उसको गरिबी र उसप्रति गरेका व्यवहारले उसको हृदयलाई समाजप्रति निष्ठुर बनाइदिन्छन् । कसैले पाप गयो भने त्यसको फल कस्ले भोग्छ ? ईश्वरले ऊ स्वयंले वा समाजका मनीषीहरूले ? जसलाई अहंकारी एवं घमण्डी ब्राम्हणहरूले जानाजान अज्ञानी बनाएर राखे, जसले तिम्रो ज्ञानको पवित्र पुस्तक वेदका दुइचार वाक्य सुनेवापत् कानभित्र पग्लेको सिसाको धारो सहनुपर्ने सजाय बेहोर्नुपर्थ्यो, तिनीहरूको दण्डका बारेमा तिम्रो सोचाइ के छ ? यदि उनीहरूले कुनै अपराध गर्छन् भने त्यसको जिम्मेवार को हुन्छ र त्यसको प्रहार कसले सहन्छ ? मेरा प्यारा साथीहरू ! यी सिद्धान्तहरू विशेषाधिकार सम्पन्न मान्छेहरूले आविष्कार गरेका हुन् । यिनै । सिद्धान्तका आधारमा उनीहरू आफूले हत्याएको । शक्ति, सम्पत्ति र उच्च तालाई सही ठहयाउँछन् । हजुरे, शायद तिनी अप्टन सिन्क्लेयर नै थिए जसले कतै लेखेका थिए कि मनुष्यलाई अमरत्वमा विश्वास दिलाइदेऊ र । त्यसपछि उसको सारा धनसम्पत्ति लुटिदेऊ यो विश्वासले विना अपवाद तिम्रो सहायता गर्नेछ । वास्तवमा धर्मका उपदेशहरू तथा सत्ताका मालिकहरूको गठबन्धनबाट नै जेल, फाँसीघर, कोर्रा र यी सिद्धान्तहरू बनाइएका हुन् । म के सोध्दछु भने हरेक व्यक्तिहरूले जब पाप या अपराध गरिरहेका हुन्छन् । त्यसबेला तिम्रो सर्वशक्तिमान् ईश्वरले. किन रोक्दैन ?उनीहरू सजिलैसँग अपराध गरिरहेका हुन्छन् । उसले लडाकु राजाहरू वा तिनको लड़ाईं गर्ने चर्को भावनालाई किन समाप्त गरेन अनि यसरी विश्व युद्धद्वारा मानवता ले भोग्नुपरेका विपत्तिहरूबाट मानवलाई किन बचाएन ? उसले अंग्रेजका मस्तिष्कमा भारतलाई मुक्त गर्ने भावना किन उत्पन्न गरिदिएन ? उसले पूँजीपतिका हृदयमा परोपकारी उत्साह किन भरिदिएन जसले गर्दा उनीहरूले उत्पादनका साधनहरूमा आफ्नो व्यक्तिगत अधिकार छाडिदिऊन् र यसरी सम्पूर्ण श्रमिक समुदाय र सिङ्गै मानव समाज पूँजीवादी शोषणका साङ्गलाबाट मुक्त होस् । तपाई समाजवादको व्यावहारिकताका बारेमा तर्क गर्न चाहनुहुन्छ भने म चाहिं यसलाई तपाईंकै सर्वशक्तिमानका जिम्मा छाडिदिन चाहन्छु कि यसलाई उसैले लागू गरोस् । जहाँसम्म सार्वजनिक भलाइको कुरा छ, मानिसहरू समाजवादका गुणहरूलाई कदर गर्छन् भने उनीहरू समाजवाद व्यावहारिक छैन भनेर विरोध गर्छन् । परमेश्वर आओस् र उसैले सबथोक ठीकसँग गरोस् । बाङ्गा-टेढा तर्क नगर्नोस् ती सब बेकारका कुरा हुन्। म तपाईंलाई के बताऊँ भने भारतमा अंग्रेजको हैकम ईश्वरको इच्छाले भएको होइन, बरु यसकारण भएको हो कि उनीहरूसँग तागत छ अनि हामीसँग तिनको विरोध गर्ने हिम्मत छैन । उनीहरूले हामीलाई ईश्वरको सहायताले हैकममा लिएका होइनन् बरू बन्दुक, राइफल, बम गोला, पुलिस र सेनाका भरमा गुलाम बनाएका हुन् । हामीमा भएको उदासीनता नै त्यो कारण हो कि उनीहरूले समाजका विरूद्ध सबैभन्दा निन्दनीय अपराध गरे, एउटा राष्ट्रमाथि अर्को राष्ट्रद्वारा अत्याचारपूर्ण शोषण सफलतासाथ गरिरहेछन् । कहाँ छ ईश्वर ? उसले के गरिरहेछ? के उसले मनुष्य जातिको दुःखपीडाहरूबाट मजा लुट्दैछ ? एक निरो, एक चंगेज खाँ, उसको सर्वनाश होस् !

। यो विश्वको उत्पत्ति र मानवको उत्पत्तिका बारेमा मेरो विचार के छ, तिमी सोध्न चाहन्छौं ? ठीक छ म बताउँछ । चार्ल्स डार्विनले यस विषयमा केही प्रकाश पार्ने कोसिस गरेका छन् । त्यसलाई पढ । सोहन स्वामीले लेखेको 'सहज ज्ञान' पढ । यसबाट तिम्रा प्रश्नको केही उत्तर मिल्नेछ । यो एक प्रकृतिको घटना हो । निहारिकाका रूपमा आकस्मिक ढंगले विभिन्न पदार्थहरूको मिश्रण भएर पृथ्वी बन्यो । कहिले बन्यो ?. इतिहास पढ । यस्तै प्रकारका घटनाक्रमबाट जीवजन्तु पैदा भए । समयकोलामो सिलसिलामा यस्तै क्रमले मानिस, पैदा भए।

डार्विनको प्रसिद्ध पुस्तक 'जीवको उत्पत्ति' पढ़ । मानवको उत्पत्ति भइसकेपछिको सारा विकास,मानिसले प्रकृतिसँग संघर्ष गर्दै त्यसमाथि विजय प्राप्त गर्ने प्रयासका क्रममा भएको हो। यो त यस घटनको सम्भवतः सबैभन्दा सूक्ष्म व्याख्या तिम्रो दोस्रो तर्क के हुन सक्छ भने पूर्वजन्ममा गरेका कामको परिणाम नहुने भए किन एउटा बच्चा अन्धो या लङ्गडो भएर जन्मिन्छ ? जीव-विज्ञान वेत्ताहरूले यस समस्याको वैज्ञानिक समाधान निकालेका छन् ।

तिनका अनुसार यसको जिम्मेवारी मातापितामा रहन्छ जो आफ्ना कतिपय कार्यहरूप्रति सजग वा अनभिज्ञ रहन्छन् जसले गर्दा बालक जन्मनुअघि नै विकलाङ्ग बन्दछ ।

*क्रमश...*

**करोडौं...**

सर्वसाधारणको बचत फिर्ता गर्ने सहमतिअनुसार निर्णय भएपनि सहकारीका अध्यक्ष र सचिवले अर्को दिन उक्त सहमतिको माइन्युट नै च्यातेर फरार भएका छन् । सहकारीको रकमलेअध्यक्ष तिवारीले अष्ट्रेलियामा समेत घर किनेको जानकारी पाएको वचतकर्ताहरुको दावी छ । अध्यक्ष र सचिव थापाले घडेरी, होटल तथा चुनढुंगा खानीमा लगानी गरेकोशेयर सदस्यहरुको दावी छ । अध्यक्ष तिवारीले संस्थाको करिब ६ देखि ८ करोड,सचिव रामबहादुर थापाले ३ करोडभन्दा बढी रकम र सञ्चालक सदस्य सनत गौतमले १ करोड २५ लाखभन्दा बढी रकम अपचलन गरेको सहकारीकै एक पदाधिकारीको दावी छ ।

वचतकर्तालाई रकम फिर्ता दिने सहकाति र निर्णयको माइन्युट नै च्यातेर फरार भएपछि उनीहरूले अरु रकम पनि हिनामिना गरेको अनुमान छ । लेखापरीक्षकले दिने अन्तिम रिपोर्टपछि मात्र कति हिनामिना भएको यकिन हुने सहकारीका कोषाध्यक्ष सुरेन्द्र वज्राचार्यले बताए ।

सहकारी ऐन, निर्देशन तथा मापदण्डअनुसार सहकारीका सञ्चालकले बचत रकमको पाँच गुणा वा बढीमा पाँच लाखमध्ये जुन कम हुन्छ सोबराबरको रकम मात्र बिनाधितो ऋण लिन सक्छन् । यसरी बिनाधितो कर्जा प्रवाह गर्दा कम्तीमा दुई जना सदस्यहरूको जमानी लिनुपर्ने व्यवस्था छ ।

तर यो सहकारीमा ऐन विपरित वचत अपचलन भएको छ । सहकारीका व्यवस्थापक, अध्यक्ष र सचिवले सहकारीको सफ्ट्वेयरमा नै मिलाएर आफूखुसी बचतकर्ताको रकम दुरुपयोग गर्ने गरेको भेटिएको छ । ऋण नै नलगेका बचतकर्ताको नाममा ऋण प्रवाह गर्ने गरेको र कम रकम ऋण लगेका ऋणीका नाममा थप ऋण लगेको देखाइएको छ ।

सुरुमा व्यवस्थापक वसन्त पराजुलीले रकम हिनामिना गरेको भनेर ८ करोड ५० लाखको कागज बनाएर उनलाई निलम्बन गरिएको थियो । तर थप छानबिनको विषय उठ्न थालेपछि अध्यक्ष तिवारी र सचिव थापा छानबिनका लागि सहयोग गर्नुको सट्टा बैठक छल्दै काठमाडौं गएपछि थप बद्मासीको आशंका भएर करिब चार सय सदस्यले वचत फिर्ताको निवेदन दिएका थिए ।

यो सहकारीले मुख्यरुपमा दुध संकलन र विक्रीको कारोबार गरिरहेको छ ।

**शिक्षक...**

र, १७ वैशाखमा १५ असारभित्र ऐन जारी गर्ने सहमति भएको थियो । तर अहिलेसम्म पनि ऐन जारी नभएपछि महासंघ आक्रोशित भएको हो । विगतका सहमति अनुसार अस्थायी प्रकृतिका शिक्षकको स्थायीत्व, स्थायी शिक्षकको बढुवा, विभागीय कारबाही, संविधान प्रदत्त ट्रेड युनियन अधिकार, शिक्षकको सरुवा, विद्यालय कर्मचारीको व्यवस्थापन, बालकक्षा शिक्षकको व्यवस्थापन, संस्थागत विद्यालयका शिक्षक-कर्मचारीको व्यवस्थापन, द्वन्द पीडित शिक्षकको समस्या समाधान,शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन हुनुपर्ने माग महासंघको छ ।

**आलमलाई...**

तर महान्यायाधिवक्ताको कार्यालयले तयार गरिरहेको निवेदनमा बम विस्फोट भएको र इँटाभट्टामा जलाएको प्रमाण भए पनि उच्च अदालतले ती प्रमाणलाई अनदेखा गरेको निष्कर्ष निकालेको छ। उच्च अदालतको फैसला त्रुटिपूर्ण देखिएको, उच्चले फैसला गर्दा बुझ्नु पर्ने प्रमाण नबुझेको र नबुझ्नु पर्ने प्रमाण देखाएको पुनरावेदनमा भनिएको छ ।

बम विस्फोटका घाइतेलाई इँटाभट्टामा लगेर जलाएको घटनाका कुनै पनि प्रमाण नरहेको उच्चको फैसलामा भनिएको थियो। पुनरावेदनमा बम विस्फोट भएको, घाइतेलाई जिउँदै लगेर इँटाभट्टामा जलाएको र साक्षी समेत जीवितै रहेको दाबी गरिएको छ ।

**नेकपा...**

मैले एसएलसी मात्रै पास गरेको मान्छे हो, त्यो पनि थर्ड डिभिजनमा बल्लबल्ल। तर आज मैले ब्रमान्डमा विचरण गर्छु।' उनले आफू ९ वर्षको उमेरमै कम्युनिष्ट पार्टीमा आवद्ध भएको उल्लेख गर्दै ७७ वर्षको उमेरमा नेकपा एसमा प्रवेश गरेको भन्दै सय वर्ष कम्युनिष्ट झण्डा बोक्ने र समाजवाद स्थापनाको अभियानमा लाग्ने बताए ।

'सय वर्ष भन्दा बढी त बाँच्न आवश्यक पनि छैन । १०० वर्षसम्म मैले देशको कम्युनिस्ट आन्दोलन अघि बढाउँछु। मैले मेरो जीवनमा के प्राप्त गर्नपर्छ भन्ने जान्ने भएपछि सकंल्प गरेको थिएं, एक राजतन्त्रको अन्त्य र दुई कम्युनिस्ट आन्दोलन एउटै बनाएर एक पार्टी बनाउने ।'

०७५ सालमा दुई ठूला कम्युनिस्ट पार्टी मिलेर नेकपा बन्दा आफूलाई अब बाँकी केही छैन भन्ने लागे पनि त्यो टुंगोमा पुग्न नसकेकोमा दुःख व्यक्त गरे ।

**नेपाल पक्षघात संघ प्र.का.**

## सिद्धार्थनगरको सूचना

यस संघको दोस्रो साधारण सभा २०८२ श्रावण ३० शुक्रबारका दिन निम्न समय र स्थान संचालन गर्न संघको कार्यसमितिको मिति २०८२ असार १७ को निर्णय अनुसार सबै सदस्य महानुभावहरुलाई उपस्थित हुन जानकारीको लागि अनुरोध गरिन्छ ।

**स्थानः नेशनल न्यूरो सेन्टरको हातामा महाराजगंज–३, काठमाडौं (अमेरिकन दूतावास नजिक)**

**समयः दिनको १०:०० बजे**

**मो.नं.: ९८५१२०२९२६, ९८०१०९७८५६, ९८४५३२५३०४**

**उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited**

**नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था**
**केन्द्रीय कार्यालय, सि.न.पा.-१२, रुपन्देही**
**फोन नं.०७१-५७११२६, ०७१-५७११२८ फ्याक्स नं.०७१-५७११२७**

## सुचीदर्ता गर्ने बारेको सुचना

प्रथम पटक प्रकाशित मिति २०८२/०४/०२

यस वित्तीय संस्थालाई आर्थिक वर्ष २०८२/२०८३ को लागि तपसिलका सामान तथा सेवाहरु पटक/पटक आपूर्ति तथा मर्मत सम्भार गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीहरुबाट सेवा लिन आपुर्तिकर्ताको सुचीदर्ता गराउनुपर्ने भएकोले सम्बन्धित विषयको कारोवार गर्न स्वीकृत प्राप्त गरेका व्यक्ति/फर्म/कम्पनीहरुले आफूले आपूर्ति गर्ने सामान तथा मर्मत सम्भार सम्बन्धी विवरण सहित व्यक्ति/फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर PAN/VAT (मूल्य अभिबृद्धि कर) दर्ता प्रमाणपत्र (नवीकरण समेत) र आ.व. २०८१/२०८२ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु सुचना प्रकाशित भएको मितिले १५ दिन (सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र तपसिलमा उल्लेखित विवरण मध्ये कूनकून कार्य वा आपूर्ति गर्न सुचीदर्ता र्ने हो सोको लागि छुट्टाछुट्टै निवेदनका साथ संलग्न गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सामान्य सेवा विभागमा दर्ता गराउनू हुन वित्तीय संस्थाको आर्थिक प्रशासन विनियमावली २०७८ को विनियम २५(१) बमोजिम सम्बन्धित सबैको जानकारीको लागियो सुचना प्रकाशित गरिएको छ ।

तोकिए बमोजिमका कागजातहरु पेश नभएमा वा तोकिएको योगयता नपुगेका आवेदनकर्तालाई मौजुदा सुचीमा समावेश गरिने छैन । आवेदकहरुलाई मौजुदा सूचीमा समावेश गर्ने वा नगर्ने साथै सन्तोषजनक सेवा तथा सामान आपूर्ति नगरेको खण्डमा सुचीबाट हटाउने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ । मौजूदा सुचीमा सुचीकृत भएका मध्येबाट वित्तीय संस्थालाई उपयूक्त लागेको व्यक्ति/फर्म/कम्पनीहरुबाट सोझै वा दरभाउपत्र मार्फत वित्तीय संस्थाले सामान तथा सेवा खरिद गर्न सक्नेछ । वित्तीय संस्थाले सुचीकृत नभएकाहरुबाट पनि सामान खरिद गर्न यस सुचनाले बाधा पार्नेछैन।यस सुचनामा नभएका अन्य कुराहरु वित्तीय संस्थाको नियमानूसार हूनेछ ।

**तपसिलः**

| सि.न. | विवरण |
|---|---|
| १. | स्टेशनरी सामान (मसलन्द तथा फुटकर सामान) आपुर्ति |
| २. | छपाई सम्बन्धी |
| ३. | अफिस फर्निचर तथा फिक्चर आपुर्ति/मर्मत संभार |
| ४. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्यूटर, ल्यापटप, प्रिन्ट र, स्क्यानर, फोटोकपी मेसिन सिसिटिभी आदि)आपुर्ति/मर्मत तथा संभार |
| ५. | फ्याक्स, प्रिन्टरको इन्क रिफिलिङ्ग, कार्टेज, टोनर, फोटो कपी पेपर आदी |
| ६. | सवारी साधन खरिद (मोटरसाईकल तथा जीप) पार्टपूर्जा खरिद/मर्मत |
| ७. | फ्लेक्स ब्यानर छपाई |
| ८. | विद्यूत सम्बन्धी सामानहरु (जेनेरेटर, पंखा, हिटर, एयर कन्डिसन, चिम, तार वाईरिङ्ग कार्य खरिद/मर्मत |
| ९. | कार्यालय सेफ (भल्ट), चेक राइटर |
| १०. | अन्य सेवा |

## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
**बर्मेलीटोल, भैरहवा**
**मो.9847324755,9804406297**

## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

**सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस**

**सम्पर्कः**
**सीताराम सफा सेनेटरी**
**भैरहवा**
**९८६९७८९२७५,९८००७६०६२२**

## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

**सम्पर्कः**
**तिनाउ सेनेटरी**
**बुटवल-१०, सुख्खानगर, रूपन्देही,**
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**



**पातीहाल्नेमा पर्यटकः**
बागलुङ, पूर्वी रुकुम र रोल्पा जिल्लाको सिमाना पातीहाल्नेमा देखिएको पर्यटक र यात्रुको चहलपहल । समुन्द्री सतहदेखि तीन हजार मिटरको उचाइमा रहेको पातीहाल्नेमा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको छ । तस्विर : डम्मर बुढामगर/रासस

# बाँकेमा सम्बन्धविच्छेदका मुद्दा बढ्दै



नेपालगञ्ज । उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासमा सम्बन्धविच्छेदका मुद्दा बढ्दै जान थालेका छन् ।

घरायसी कलह, खान तथा लगाउन नदिएको, मानसिक तनाब दिएको लगायतका कारण पति वा पत्नीले अदालत समक्ष सम्बन्धविच्छेदको मुद्दा दर्ता गर्ने क्रम बढेको उच्च अदालत नेपालगञ्ज इजलासका अधिकृत बलबहादुर विष्टले जानकारी दिए ।

उनले छिटफुट रुपमा पतिले सम्बन्धविच्छेदका लागि मुद्दा दर्ता गर्ने गरेको उल्लेख गर्दै त्यस्ता कम मुद्दामा मात्रै सम्बन्धविच्छेदको फैसला हुने गरेको बताए । "श्रीमान (पुरुष)ले पनि म पिडीत भए भनेर मुद्दा दर्ता गर्नुभएको हुन्छ, तर सम्बन्ध बिच्छेद कम भएको हुन्छ ।"-उनले भने ।

आर्थिक वर्ष २०८१/८२ मा सम्बन्धविच्छेदका ६१ मुद्दा दर्ता भएकामा ५० मुद्दा फर्स्यौट भएका छन् भने ११ मुद्दा बाँकी रहेका छन् । आर्थिक वर्ष २०८०/८१ मा सम्बन्धविच्छेदसम्बन्धी ५९ मुद्दा दर्ता भएकामा ४० मुद्दा फर्स्यौट भएको र १९ मुद्दा बाँकी रहेको उच्च अदालतले जनाएको छ । दर्ता भएका सम्बन्धविच्छेदका मुद्दा बाँके जिल्लाका हुन् ।

यसबाहेक जबर्जस्ती करणी १८८ मुद्दा दर्ता भएकामा १४८ मुद्दा फर्स्यौट भएका छन् र त्यसमा ४० मुद्दा बाँकी छन् । लागुऔषधतर्फ १८८ मुद्दा दर्ता भएकामा १५१ फर्स्यौट भएका र ३७ मुद्दा बाँकी रहेका छन् ।

मानव बेचबिखन तथा ओसारपसारका २९ मुद्दा दर्ता भएकामा २८ फर्स्यौट भएको छ भने एक मुद्दा बाँकी रहेको छ । ज्यानसम्बन्धी कसुरका १९२ मुद्दामा १५५ फर्स्यौट भएका छन् भने ३७ बाँकी रहेका छन् ।

अन्यतर्फ एक हजार ४७८ मुर्दा दर्ता भएकामा एक हजार ६३ मुर्दा दर्ता भएका छन् । रिट र निषेधाज्ञाका ५१० मुद्दा दर्ता भएकामा ४०९ फर्स्यौट भएको र १०१ बाँकी रहेका छन् । यी सबै कुल मिलाएर दुई हजार ६४६ मुद्दा दर्ता भएकामा दुई हजार चार मुद्दा फर्स्यौट भएका छन् भने ६४२ मुद्दा बाँकी रहेको अदालतले जनाएको छ ।

वार्षिक मुद्दा फर्स्यौट लक्ष्य एक हजार ६३७ थान रहेकामा कुल दुई हजार चार मुद्दा अर्थात् ३६७ थान मुद्दा बढी फर्स्यौट भएको उच्च अदालत इजलासका मुख्य न्यायाधिस चन्द्रबहादुर सारुले जानकारी दिए । "सीमित स्रोत र साधनको परिचालनबाट गुणस्तरीय र छिटो छरितो न्याय सम्पादन हाम्रो मुख्य लक्ष्य हो ।"-उनले भने । कतिपय मुद्दा २० दिनमा पनि फर्स्यौट गएिको जानकारी दिँदै उनले मुद्दा सुनुवाइ प्रक्रियालाई गोलाप्रथाबाट गरिएको बताए । एक वर्ष नाघेका मुद्दा शून्यमा झार्न सफल भएको मुख्य न्यायाधीश सारुको भनाइ छ ।

# रण अम्बिकामा पाँच हजार बढीले लिए सेवा



भैरहवा । वर्षौंदेखि आँखा उपचारमा सेवा दिँदै आएको लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर, श्री रण अम्बिका शाह आँखा अस्पतालले ५ हजार बढीलाई नाक, कान, घाँटी तथा थाइराएड रोग विशेषज्ञसहितको सेवा दिएको छ ।

नेपाल नेत्र ज्योति संघको योजनाअनुसार आखा सम्बन्धि सबै सेवा प्रदान गर्दै आएको अस्पतालले गत वर्षदेखि नाक कान घाटी तथा थाइराइड रोगको विशेषज्ञ सेवा दिँदै आएको हो । संघले आखाँको सबै उपचारसगै नाक कान घाटीको पनि सेवा दिनुपर्ने उद्धेश्य राखेकोले बिरामीहरुको सहजताका लागि शल्यक्रिया सहितको सेवा दिने योजना अनुरुप ओपिडी र शल्यक्रिया सेवा दिदै आएको छ । आँखा, नाक, कान, घाँटी बीच अन्तरसम्बन्ध रहेकोले एकै छाना मुनि यो सेवा दिँदै आएको अस्पतालले जनाएको छ । अस्पतालका उपप्रबन्धक तुलसी प्रसाद पराजुलीका अनुसार आखाको उपचारसँगै एक वर्षको अवधिमा ३ हजार १० महिला सहित ५ हजार ४ सय ५० जनालाई नाक, कान, घाटीको उपचार सेवा प्रदान गरेको बताए । २०८१ साउन १ गते बाट यो सेवा को सुरुवात गरेकोमा कान, नाक र घाटीसम्बन्धी समस्याहरु लिएर नेपालका मात्र नभई भारतको विभिन्न क्षेत्रबाट सेवाग्राहीहरु आउने गरेको बताए । सेवा सुभारम्भको एक वर्ष बित्दा ४ हजार ३ सय १६ जना व्यस्क र १ हजार १ सय ३४ जनाले उपचार सेवा लिएका छन, बिरामीहरुको चाप बढ्दै गएको उनले बताए ।

सेवालाई थप व्यवस्थित गर्दै नया प्रविधिको मेसिन पनि संचालनमा ल्याएका छौँ । उपचारमा सहजताका लागि एनपीएल मेसिन, ट्रिटमेन्ट युनिट, माइक्रोस्कोपसहितको व्यवस्थापन गरेका छौ । विरामीहरुको चाप बढ्दै गएकोले जनशक्ति र सेवालाई बढाउदै शल्यक्रिया कक्षसम्मको योजना अस्पतालले बनाएको र छिटै सञ्चालनमा आउने बताए ।

अस्पतालको यो सेवाको नेतृत्व नाक कान घाटी तथा थाइराइड रोगका विशेषज्ञ डाक्टर मिलन सेढाइले गरिरहेका छन् । उनी सहित २ जना प्राविधिक र अन्य सहयोगी सहितको टिमले उपचार सेवा प्रदान गरिरहेका छन् । डाक्टर सेढाइका अनुसार अस्पतालमा ओपिडीका लागि चाहिनै सबै सेवा फुल फेजमा रहेको बताए । सुक्ष्मको अध्ययनका लागि माइक्रोस्कोप सहितको उपकरण र सबै उमेर समूहका लागि नाक, कान, घाटी, स्वर यन्त्र, खाना नली लगायतको जाँचको लागि आवश्यक फेल्कजीवल एनपीएल (नेसोफ्रेन्स्कोप) सहितको सेवा सुरु भएको डा सेढाईले भने ।

उनले यो उपकरणको सहायताले उपचारमा धेरै सहजता हुनुको साथै यस क्षेत्रमै सस्तो सर्वसुलभ दरमा इएनटीको समस्याको जाँच गरी सिमित अवस्थामा कलर रिर्पोट सहित भिडियो र फोटोग्राफीसहितको रिर्पोट आउने बताए । समान्य सर्जरीको काम भएपनि अबको केही समयमा इएनटीको वार्ड, अपरेशन त्रियटर सहितको सेवा सुरु हुदैछ भने एक वर्षमा अडियोलोजी विभाग बनाउने योजना समेत रहेको डा. सेढाईले बताए । हामीले उपचार सेवालाई विस्तार गर्दै रुपन्देहीका सबै आँखा उपचार केन्द्रका लागि तालिम प्राप्त जनशक्ति पनि तयार गरेका छौ, जसबाट जिल्लाका सबै आखा उपचार केन्द्रमा नाक, कान घाटीको सेवा प्रदान हुदै आएको र विशेषज्ञ सहितको टोली मासिक रुपमा सबै केन्द्रमा उपचार सेवा प्रदान गर्ने गरेका छन् ।

विरामीहरुको चाप क्रमश बढ्दै गएको भएको जनशक्ति बाहेक १ जना कन्सल्टेन्ट सहित २ जना प्राविधिक र अन्य सहयोगीहरुको आवश्यकता रहेकोले सेवालाई अझै चुस्त र दुरुस्त बनाउन जरुरी रहेको छ ।

# बर्दघाट सुस्ता पूर्व दूधमा आत्मनिर्भर

नवलपरासी । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा गत आर्थिक वर्षमा ५० हजार १३ मेट्रिक टन दूध उत्पादन भएको छ ।

आव २०८१/८२ मा जिल्लामा ५० हजार १३ मेट्रिक टन दूध उत्पादन भएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख डा. शर्मिला कुमालले बताइन् । जिल्लाको जनसंख्याका आधारमा दूध आवश्यकताभन्दा बढी उत्पादन भई जिल्ला बाहिर निर्यात हुने गरेको छ । उत्पादन भएको दूधको तथ्याङ्कका आधारमा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) विगत तीन वर्षदेखि आत्मनिर्भर रहेको प्रमुख कुमालले जनाइन् ।

"विश्व स्वास्थ्य सङ्गठनले विकासउन्मुख राष्ट्रका लागि एक व्यक्तिलाई एक वर्षमा ९१ लिटर दूध तय गरेको आधारमा जिल्लामा एक व्यक्तिका लागि एक सय ३२ लिटर दूध पुग्ने गरी उत्पादन रहेको छ", उनले भनिन्-"आर्थिक वर्ष २०८१/८२ मा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा उत्पादन भएको दूधको आधारमा यहाँको कूल जनसङ्ख्यालाई एक व्यक्ति बराबर एक सय ३२ लिटर दूध पुग्ने देखिन्छ ।"

तथ्याङ्कअनुसार गत आवमा जिल्लामा ५० हजार १३ मेट्रिक टन दूध उत्पादन भएको थियो । यसमध्य गाईको दूध ३२ हजार तीन सय ५३ मेट्रिक टन रहेको छ भने भैँसीको दूध १७ हजार छ सय ६० मेट्रिक टन छ । जिल्लामा खपत भएर बाँकी रहेको दूध काठमाडौँ, पोखरा र चितवन बिक्री गर्न पठाउने गरिएको प्रमुख कुमालले बताइन् । जिल्ला दूध उत्पादनमा आत्मनिर्भर भए पनि पछिल्लो तीन वर्षको उत्पादन अनुपात तुलना गर्दा गत आवमा दूध उत्पादनमा कमी आएको छ ।

"आव २०७८/७९ मा ६१ हजार छ सय ६४ मेट्रिक टन दूध उत्पादन भएकामा आव २०७९/८० मा थप वृद्धि भई ६२ हजार चार सय ४६ मेट्रिक टन उत्पादन भएको थियो । तर गत आव २०८०/८१ मा विगतको भन्दा घटेर जम्मा ५५ हजार एक सय ७० मेट्रिक टन दूध उत्पादन भएको थियो । ग त आवमा अझ घटेर ५० हजार १३ मेट्रिक टन दूध उत्पादन भएको छ ।"-उनले भनिन् । जिल्लाको तथ्याङ्क हेर्दा प्रत्येक वर्ष गाईभैँसी फार्म र गाई भैँसीको संख्यासमेत घट्दो क्रममा रहेको छ । आव २०७९/८० मा गाईको संख्या ४१ हजार चार सय ८९, भैँसीको संख्या ४८ हजार आठ सय ५४ रहेको थियो, भने आव २०८०/८१ मा गाईको संख्या ३७ हजार एक सय ९८ र भैँसीको संख्या ४३ हजार नौ सय ५० रहेको देखिन्छ ।

गत आवमा गाईको संख्या ३२ हजार आठ सय ९७ रहेको थियो भने भैँसीको संख्या ३८ हजार आठ सय ९६ रहेको छ । यसरी तीन वर्षको तथ्याङ्क हेर्दा प्रत्येक वर्ष सरदर चार हजारको दरले गाईको संख्या घट्दो क्रममा रहेको देखिन्छ भने पाँच हजारको दरले भैँसीको संख्या जिल्लामा घट्दो क्रममा रहेको देखिन्छ ।

# कृषकलाई प्रोत्साहन स्वरुप दूधमा अनुदान

वालिङ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्याङ्जाले दूधमा अनुदान दिएको छ ।

उत्पादनका आधारमा कृषकलाई प्रोत्साहित गर्न कार्यालयले जिल्लाभित्र सञ्चालनमा रहेर मापदण्ड पूरा गरेका समूह, सहकारीलाई प्रतिलिटर रु पाँच अनुदान उपलब्ध गराएको हो ।उत्पादनमा आधारित प्रोत्साहन सहयोगअन्तर्गत मापदण्डअनुसार दैनिक २०० लिटर दूध सङ्कलन गर्ने र वार्षिक २०० दिन दूधको कारोबार गर्ने समूह सहकारीलाई छनोट गरी सहयोग दिइएको भेटेरिनरी तथा पशु विज्ञ केन्द्र स्याङ्जाका प्रमुख रुपेश श्रेष्ठले जानकारी दिए । कार्यालयले गत आर्थिक वर्ष २०८१/०८२ मा दुई लाख लिटर दूधका लागि रु पाँचका दरले रु १० लाख प्रोत्साहनस्वरुप सहयोग गरेको उनले बताए ।

प्रोत्साहन रकम वितरणसम्बन्धी कार्यालयले मापदण्ड पूरा गरेका समूह तथा सहकारीबाट आवेदन माग गरेको थियो । त्यसमा तीन वटा समूह र सहकारीले आवेदन दिए पनि मापदण्डका आधारमा दुई वटालाई छनोट गरी प्रोत्साहन रकम उपलब्ध गराइएको उनले जानकारी दिए ।कार्यालयले भिरकोट नगरपालिकामा अवस्थित भिरकोट दुग्ध उत्पादन सहकारी र आँधीखोला गाउँपालिकामा अवस्थित आँधीखोला कृषि उद्यम सहकारी संस्थामा आबद्ध कृषकलाई प्रोत्साहन उपलब्ध गराएको हो ।

"प्रोत्साहन रकम दुई चरणमा गरी उपलब्ध गराएका हौँ", प्रमुख श्रेष्ठले भने-"कृषकलाई अन्य सहयोग तथा अनुदानका कार्यक्रमभन्दा उत्पादनका आधारमा दिइने प्रोत्साहन रकम बढी प्रभावकारी हुने गरेको पाएका छौँ ।"

भिरकोट दुग्ध उत्पादक सहकारी संस्थाले कूल रु छ लाख ५० हजार ६५० प्राप्त गरेको छ । सहकारीले एक लाख ३० हजार १३० लिटर दूधका लागि उक्त रकम प्राप्त गरेको हो ।

आँधीखोला कृषिउद्यम सहकारी संस्थाले ६९ हजार ७२० लिटर दूध सङ्कलन गरेको थियो । सङ्कलित उक्त परिमाणको दूधमा रु पाँचका दरले रु तीन लाख ४८ हजार ६०० प्रोत्साहन रकम प्रदान गरिएको उनले बताए ।

दुई वटा सहकारीले तोकिएको मापदण्डअनुसार दूध उत्पादन तथा सङ्कलन गरेका हुन् । सङ्कलन भएको दूधको प्रतिलिटर रु पाँचका दरले नौ लाख ९९ हजार २५० प्रोत्साहन सहयोग गरेको हो । प्रोत्साहन सहयोगले उत्पादनमा वृद्धि हुँदै गएकाले प्रोत्साहन सहयोग कार्यक्रमलाई निरन्तरता दिइएको कार्यालयले जनाएको छ । कार्यालयले भकारो सुधार, नयाँ गोठ निर्माण, मिल्क एनालाइजरलगायत यन्त्र तथा उपकरण पनि कृषकलाई अनुदानमा सहयोग गर्दै आएको छ ।












सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com